ब्याज मिनाहा गर्न मुख्यमन्त्री बानियाँद्वारा माग पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २७ •अंक ३०६ • २०८२ साल चैत २२ गते आइतबार (5 April, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


## साइबर बुलिङ प्रकरणमा एकजना पक्राउ



**टुडे समाचारदाता**

रौतहट । सामाजिक सञ्जालमार्फत भएको साइबर बुलिङ प्रकरणमा केन्द्रीय साइबर ब्यूरोले रौतहटबाट एक जनालाई पक्राउ गरेको छ ।

रौतहटको गुजरा नगरक्षेत्रबाट अभिषेक चौधरीलाई शनिबार नियन्त्रणमा लिइएको प्रहरी स्रोतले जनाएको छ । चौधरीलाई थप अनुसन्धानका लागि काठमाण्डुस्थित ब्यूरो कार्यालयमा ल्याउने तयारी भइरहेको जनाइएको छ ।

सो प्रकरण अमिषा पराजुलीले दिएको उजुरीसंग सम्बन्धित रहेको रौतहट प्रहरीले जनाएको छ । पराजुलीले केपी शर्मा ओली को समर्थनमा सार्वजनिक रूपमा अभिव्यक्ति दिएपछि आफूलाई सामाजिक सञ्जालमा लक्षित गर्दै साइबर बुलिङ गरिएको आरोप लगाएकी थिइन् । उनले यस सम्बन्धमा प्रमाणसहित साइबर ब्यूरोमा उजुरी दर्ता गराएकी थिइन् ।

रौतहट प्रहरीका अनुसार घटनाबारे थप अनुसन्धान जारी छ । आवश्यक प्रमाण संकलन गरी कानुनी प्रक्रिया अघि बढाइने जनाइएको छ ।

यसअघि पूर्वप्रधानमन्त्री ओली पक्राउ परेपछि उनको रिहाइको माग गर्दै सडकमा उत्रिएकी पराजुलीलाई लक्षित गरी सामाजिक सञ्जालमा अपमानजनक तथा आक्रामक टिप्पणीहरू गरिएको आरोप रहेको छ ।

### 'उजुरी पर्छ, कारबाही हुँदैन'

# नजरानाको मारमा ठेकेदार- व्यापारी, सुन्दैनन् सरोकारवाला

**अनिल तिवारी**

वीरगञ्ज । पर्साको वीरगञ्जमा स्थानीय सरकारको मिलेमतोमा कवाडी व्यवसायीसंग नजराना लिने क्रम बढ्दै गएपछि त्यसको कडा विरोध हुन थालेको छ । शुक्रबार अर्थमन्त्री स्वर्णिम वाग्ले समक्ष व्यापारीले स्थानीय प्रशासन र वीरगञ्ज महानगरपालिकालाई महिनावारी नजरानाको आडमा ठेकेदारले अनियमितरुपमा कर असुल गरिरहेको गुनासो गरेका छन् । आगामी आर्थिक वर्ष २०८३/०८४ को पूर्व बजेट सम्बन्धमा अन्तरक्रिया कार्यक्रममा पर्सा र बाराका उद्योगी व्यपारीहरुले यस्तो गुनासो गरेका छन् ।

सो कार्यक्रममा यहाँका उद्योगी व्यवसायीहरुका तर्फबाट बोल्दै वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले पर्सा- बाराका उद्योगी व्यवसायीहरुले वर्षौंदेखि भोग्दै आएका नीतिगत तथा व्यवहारिक समस्याबारे अर्थमन्त्री वाग्लेको ध्यनाकर्षण गराए ।

उच्चस्तरीय आर्थिक सुधार आयोगको प्रतिवेदन लागु गर्न उनले माग गरे । उनले भने, 'यदि उक्त प्रतिवेदन यो सरकारले पनि लागु गर्न सकेन भने हामी उद्योगी व्यवसायी देशै छोडेर भाग्नु पर्ने अवस्था आउन सक्छ ।' अध्यक्ष गौतमले नयाँ बजेटमा बारा पर्सा औद्योगिक कोरिडोरका लागि यस क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना गरिदिन माग गरे ।

संघ, प्रदेश र स्थानीय तहले एउटै वस्तुमा दोहोरो/तेहोरो कर असुल्ने नियम हटाउन उनले अर्थमन्त्री वाग्लेको ध्यानाकर्षण गराएका थिए ।

सीमानाका क्षेत्रको अवैध कारोबार रोक्न नीतीगत निर्णय नै आवश्यक रहेको बताउँदै उनले भन्सार जाँचपास प्रक्रिया झन्झटिलो रहेकाले त्यसमा व्यापक सुधारको आवश्यकतामा जोड दिए ।



वीरगंज महानगरपालिकाले चालू आर्थिक वर्षका लागि जडीबुटी, कबाडी तथा जीवजन्तु कर संकलनका लागि दिएको ठेक्का विवादमा परेको छ । ठेकेदारले प्रहरीको मिलेमतोमा अवैध रकम असुली गरिरहेको गुनासो स्थानीयबाट बढ्न थालेको छ । महानगरपालिकाले अमित ठेक्कापट्टा मार्फत वीरगञ्ज-२१ का वडाध्यक्ष हबिब मियाँ नेटुवाका छोरा रेयाज आलमसंग गत असार ३० गते कर संकलनको सम्झौता गरेको थियो ।

चालु आर्थिक वर्षका लागि उक्त ठेक्का पाँच करोड चार लाख ६७ हजार ४४६ रुपैयाँमा स्वीकृत गरिएको देखिन्छ । तर ठेकेदारले कर संकलनका लागि खटाएका कर्मचारीहरूले भारतीय सवारी साधनबाट नियमविपरीत रकम असुल्ने गरेको आरोप छ । वडा प्रहरी कार्यालय श्रीपुर, प्रहरी चौकी सुगौली, अलौ र परवानीपुरका सुरक्षाकर्मीलाई प्रभावमा पारेर यस्तो अवैध असुली भइरहेको स्थानीयले बताएका छन् ।

चालकहरूले दिएको रकम रसिदमा उल्लेख गर्न आग्रह गर्दा कर्मचारीहरूले आनाकानी गर्ने र नदिँदा कुटपिट गर्ने गरेको गुनासो छ । भारतीय नम्बर एपी ०८ एका ९० का चालक दयाल सिंह कंकरका अनुसार, कति रकम लिने भन्ने स्पष्ट दररेट सार्वजनिक गरिएको छैन । नेपाली रुपैयाँ दिनुपर्ने हुँदाहुँदै कर्मचारीहरूले भारतीय रुपैयाँ असुल्ने गरेका छन् ।

उनले प्रहरी चौकी परवानीपुरमा उजुरी दिए पनि कारबाही नभएको गुनासो गरे । अन्य चालकहरूका अनुसार यस्ता घटनामा दर्जनौं उजुरी प्रहरीमा दर्ता भएको छ । लामो दूरी तय गरेर आएका चालकहरू थकित हुने, गाडी छाड्दा सामान चोरी हुने डर र कर्मचारीको कुटपिटको त्रासका कारण मागिएको रकम तिर्न बाध्य हुने गरेका छन् । सम्झौता अनुसार दररेट खुलाएर सबैले देख्नेगरी होर्डिङ बोर्ड राख्नुपर्ने व्यवस्था भए पनि कतै पनि बोर्ड राखिएको छैन ।

भारतबाट आएका ट्रकमा कवाडजन्य सामग्री भेटिएमा थप हजारौं रुपैयाँ असुल्ने गरेको चालकहरूले बताएका छन् । यस विषयमा जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता हरिबहादुर बस्नेतले चोकमा प्रहरीको उपस्थिति आवश्यक भए पनि गलत कार्य भइरहेको स्थानमा प्रहरी देखिनु गम्भीर विषय भएको भन्दै सुधार गरिने दाबी गरे ।

वीरगञ्ज महानगरपालिकाले चालु आर्थिक वर्षका लागि जडीबुटी, कबाडी तथा जीवजन्तु कर संकलनका लागि दिएको ठेक्का विवादमा परेको छ । ठेकेदारले प्रहरीसंगको मिलेमतोमा अवैध रकम असुली गरिरहेको गुनासो स्थानीयबाट बढ्न थालेको छ । महानगरपालिकाले अमित ठेक्कापट्टा मार्फत वीरगञ्ज-२१ का वडाध्यक्ष हबीब मियाँ नेटुवाका छोरा रेयाज आलमसंग गत असार ३० गते कर संकलनको सम्झौता गरेको थियो । चालु आर्थिक वर्षका लागि उक्त ठेक्का पाँच करोड चार लाख ६७ हजार ४४६ रुपियाँमा स्वीकृत गरिएको देखिन्छ । तर ठेकेदारले कर संकलनका लागि खटाएका कर्मचारीहरूले भारतीय सवारी साधनबाट नियमविपरीत रकम असुल्ने गरेको आरोप छ ।

# मौसमका कारण मधेशबाट बसाइँ सर्दै चरा

**टुडे समाचारदाता**

जनकपुाम । तराई-मधेशमा भइरहेको मौसम परिवर्तनले प्रचण्ड गर्मीका कारण चराहरु बसाइँ सरिरहेका छन् ।

मधेशमा अहिले देखि नै अत्यधिक गर्मी शुरु भइसकेको छ । तर भित्रि मधेश तर्फका केही स्थान भने पहाडी क्षेत्रका कारण धरानदेखि भेडेटारभन्दा अघिल्तिर गयो भने चिसो मौसम भेटिन्छ । अहिलेदेखि नै तराई-मधेशको जनकपुरधाम, वीरगञ्ज, राजविराज, विराटनगर, नेपालगञ्ज, भैरहवालगायत क्षेत्रमा प्रचण्ड गर्मी छ । तर तराई-मधेशको भौगोलिक विविधताका कारण केही क्षेत्रमा भने चिसो मौसम अझैसम्म पनि छ, जहाँ पशुपक्षी प्रत्येक वर्ष सर्ने गर्छन् । भौगोलिक बनावटले गर्दा तापक्रममा पनि विविधता विद्यमान छ ।



नेपालमा अनेकौं रैथाने चराहरु छन् । हिमालदेखि तराईसम्मका फरक-फरक भू-भागमा रैथाने चराको वासस्थान छन्, जसले गर्दा जैविक विविधता समृद्ध छ । नेपालमा करिब ९०२ प्रजातिका चरा अभिलेखित छन् । जसमध्ये करिब दुई सय ५० प्रजातिका चरा बसाइँसराइ गरिरहन्छन् । अन्य करिब ६ सय ५० रैथाने छन् । चैत-वैशाखमा चराहरूको जीवनचक्रका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ । अधिकांश चरा अहिले प्रजननमा व्यस्त छन् । रैथाने चराका लागि यो बच्चा कोरल्ने समयको रुपमा लिने गरिन्छ । नेपालमै पनि उचाइ अनुसार कतिपय चरा बसाइँ सर्छन् । जसलाई चराको 'लेक-बेसी' पनि भन्ने गरिन्छ । हिउँदमा विशेषगरी चरा चुरे क्षेत्रका नदी किनारमा बस्ने गर्छन् । गर्मीमा चरा चिसो ठाउँ खोज्दै लेकतिर जाने गर्छन् । फेरि हिउँदको समयमा बैंसीतिर झर्ने गर्छन् ।

अहिले चराहरू मधेशबाट पहाड उक्लिरहेका छन् । अधिकांश चराहरू गुँड बनाउने, अन्डा पार्ने र बच्चा हुर्काउने काममा व्यस्त छन् । बच्चा कोरल्ने समयमा माथि उक्लिछन् र हिउँ पर्न थालेपछि उपत्यकातिर झर्छन् । चुइया प्रजातिका दुई चरा छन् । यी चरा अहिले पहाडतर्फ उक्लिएका छन् । फिस्टा प्रजातिका पनि थुप्रै चरा छन् । यी जराहरूले पनि लेकबेंसी गर्छन् । चिबे चरा पनि गर्मीको समय पहाडतिर बच्चा कोरल्नका व्यस्त छन् । ताँबे ढुकुरले पनि यस्तै व्यवहार देखाउँछ । गर्मीको समय पहाडतिर प्रजनन गरेर हिउँदमा तराई झर्छन् । भद्राई पनि हिमाली क्षेत्रमा प्रजनन गरेर हिउँदमा पहाडतिर आउँछन् । 'पितोदर फिस्टो', ध्वाँसे फिस्टोले लेकबैंसी गर्छन् ।

नेपालका केही चराले 'लोकल माइग्रेसन' अर्थात सानो क्षेत्रमा मौसमअनुसार स्थान परिवर्तन गर्ने गरेको पाइन्छ ।

मधेशको मयूर धेरै ठाउँ हिँडडुल गर्दैनन्, उनीहरू आफ्नो क्षेत्रमै बस्छन् । डाँफे चराले हिमाल र पहाडबीमा बसाइँ सरिरहन्छ । हिमालको फेदमा 'तिलहरी चरा'को प्रजाति भेटिन्छ । हिमालमै बच्चा कोरल्छ । माछा खाने 'माटी कोरे' प्रजातिको चरा लामो दूरी बसाइँ सराइ गर्दैनन् ।

मानव बस्ती क्षेत्रमा पाइने जुरेलीले पनि लेकबैंसी गर्दैनन् ।

गर्मीयाममा चीन, मंगोलिया, रुस, कोरिया, किर्गिस्तान पूर्वी युरोपसम्मबाट थरिथरिका चरा नेपाल आइपुग्छन् ।

दक्षिण भारत, श्रीलंका, दक्षिण-पूर्व एसियाबाट आउने चराहरू नेपालमै बच्चा कोरल्छन् । यस समयमा दक्षिणबाट ग्रीष्मकालीन आगन्तुक चराहरू पनि नेपाल आउँछन् । यस्ता चराहरू दक्षिण भारत, श्रीलंका, उत्तर-पूर्वी भारत, थाइल्यान्ड, मलेसिया र इन्डोनेसियासम्मका क्षेत्रबाट नेपाल आइपुग्छन् । करिब पाँच दर्जनजति प्रजातिका ग्रीष्मकालीन आगन्तुक चराहरू नेपालमा प्रवेश गर्छन् । हिउँदे आगन्तुकभन्दा फरक, यी ग्रीष्मकालीन चराले नेपालमै प्रजनन गर्छन् । यी चराले यहीँ बच्चा कोरल्छन् । थाइल्यान्ड, मलेसिया, इन्डोनेसियाबाट चराहरू नेपाल आउने गर्दन् ।

कोइलीले किरा-फट्यांग्रा खाएर आफ्नो प्रजनन चक्र पूरा गर्छ । नेपालमा कोइलीका करिब १७-१८ प्रजाति पाइन्छन् भने केही रैथाने भए पनि अधिकांश ग्रीष्मकालीन आगन्तुक चरा पनि छन् ।

नेपाल विविधतामा समृद्ध हुँदाहुँदै पनि चराहरू गम्भीर संकटमा छन् । यसको मुख्य कारण मानवीय गतिविधि हो । वन फँडानी, सिमसारको अतिक्रमण, नदी-ताल प्रदूषण, चोरी-सिकारीजस्ता कारणले चराको वासस्थान खुम्चिएको छ । जलवायु परिवर्तनले चराको वासस्थानलाई झनै जटिल बनाएको छ । सिमसार सुक्दै गएका छन्, वन क्षेत्र सुक्खा हुँदै गएको छ । जलवायु परिवर्तनले गर्दा नेपालमा चराहरूको वासस्थानमा असर गरिरहेको छ । 'क्लाइमेट चेन्ज'ले गर्दा ताल, कुवा, झर्नाहरू सुक्न थालेका छन् । यसपालि हिउँदे पानी कम परेर वनहरू झन् सुक्खा भए । जसले गर्दा तालको संकुचन भइरहेको छ ।

नेपालमा जंगलक्षेत्रमा आगलागीको जोखिम बढेको छ । पहिलेभन्दा अहिले आगोको तीव्रता बढी हुँदा चराहरूको गुँड र वासस्थान नष्ट गर्छ ।

चरालाई पूर्वाधार विकासले पनि प्रत्यक्ष असर पारेको देखिन्छ । हाइटेन्सन ट्रान्समिसन लाइनहरूले गिद्ध, चिल र अन्य चरालाई मारिरहेका छन् । नेपालका हाइटेन्सन लाइन अथवा ट्रान्समिसन लाइन चराको पासो जस्तै बनेको छ । रामेछापको तामाकोशी-सुनकोशी र कोशीहरूआसपासका क्षेत्रमा यस्तै देखिन्छ । त्यस्तै अर्को जलविद्युत् आयोजनाका बाँधहरूले नदीको प्राकृतिक बहाव रोक्दा माछा र अन्य जीवको बसाइँसराइ प्रभावित हुन्छ, जसले गर्दा चराहरूको वासस्थानमा असर पर्ने गर्छ । नदीहरू निर्माण भएका त्यस्ता ड्यामले असर गरिरहेका छन् । एउटै नदीमा पाँचवटा ड्याम बनेको देखिन्छ । ड्याम बनाउनेबित्तिकै माछाको माइग्रेसन रोकिन्छ । माछाको माइग्रेसन रोकिनु अरू साना किरा फट्यांग्राको माइग्रेसन रोकिनु हो । जसले जैविक विविधतामा ह्रास ल्याउँछ । चराहरूको आहारमा पनि असर पुग्ने गर्छ ।




# संघको साधारण सभा सम्पन्न



**टुडे समाचारदाता**

रौतहट । जिल्ला कुखुरा व्यवसायी किसान संघ, रौतहटको पहिलो साधारण सभा सम्पन्न भएको छ । दुर्गा भगवती गाउँपालिकास्थित सामुदायिक भवनमा शनिबार आयोजित कार्यक्रममा किसान, व्यवसायी तथा सरोकारवालाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा भेटनरी अस्पताल तथा पशु सेवा विभाग, गौरका प्रमुख ईन्दु राय यादव प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । त्यसैगरी जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रमेश शिवा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का जिल्ला अध्यक्ष प्रदीप साह, रामनरेश साह लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन राधेश्याम सासले गरेका थिए ।

सभामा कुखुरा व्यवसायसँग सम्बन्धित चुनौती, बजार व्यवस्थापन, रोग नियन्त्रण तथा व्यवसाय प्रवर्द्धनका विषयमा गहन छलफल गरिएको थियो। सहभागीहरूले किसानको हकहित संरक्षण गर्दै उत्पादन वृद्धि गर्न समन्वयात्मक ढंगले अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए ।

संघका अध्यक्ष उमाशंकर साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वक्ताहरूले कुखुरा व्यवसायलाई अझ व्यवस्थित, प्रतिस्पर्धी र दिगो बनाउन आवश्यक नीतिगत तथा व्यावहारिक पहल आवश्यक रहेको धारणा राखेका थिए ।

साधारण सभाले आगामी कार्ययोजना तय गर्नुका साथै किसानको हितमा विभिन्न महत्वपूर्ण निर्णयहरू समेत पारित गरेको आयोजकले जनाएको छ ।

# अतिरिक्त कक्षा सञ्चालनपछि अतिविपन्न दलित बालबालिकाका लाभान्वित

काठमाण्डु । यहाँको शुक्लाफाँटा नगरपालिका-१० झलारीस्थित श्रीकृष्ण माध्यमिक विद्यालयको आधारभूत तहमा अध्ययनरत अतिविपन्न दलित परिवारका बालबालिकाका लागि अङ्ग्रेजी माध्यमको अतिरिक्त कक्षा सञ्चालन गरिएको छ । त्यस्ता बालबालिकाको सिकाइ सुधारका लागि वडा कार्यालयको सहयोगमा कक्षा सञ्चालन गरिएको हो ।

हाल यहाँ कक्षा १ देखि ३ सम्म अध्ययनरत ६६ जना दलित तथा अतिविपन्न परिवारका बालबालिकालाई समेटेर अतिरिक्त कक्षा सञ्चालन गरिरहेको वडाअध्यक्ष लालबहादुर ऐरले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक अवस्था कमजोर भएका परिवारका अभिभावक मजदुरीका लागि अन्यत्र जाने र बालबालिकालाई पनि सँगै लैजाने गरेका कारण धेरै बालबालिकाले विद्यालय छाड्ने अवस्था छ ।



केही महिना मजदुरी गरेर फर्किएपछि बालबालिकाको सिकाइ सुधारका लागि अतिरिक्त कक्षा सञ्चालन गरिएको उहाँले बताउनुभयो । "अभिभावक मजदुरीका लागि बाहिर जाँदा बालबालिका पनि सँगै जाने र विद्यालय छोड्ने अवस्था छ । पुनः विद्यालयमा फर्किंदा कोर्स पढाइ धेरै अगाडि बढिसकेको हुन्थ्यो । हामीले त्यसको पूर्ति गर्न अतिरिक्त कक्षा सञ्चालन गरेका हौँ", वडाअध्यक्ष ऐरले भन्नुभयो ।

हाल कक्षा ३ सम्मका बालबालिकाका लागि विद्यालयका दक्ष शिक्षकको व्यवस्था गरी पठनपाठन गरिएको र आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई समेटेर कार्यक्रम विस्तार गर्ने योजना रहेको वडा कार्यालयले जनाएको छ । हाल अतिरिक्त कक्षा सञ्चालनका लागि वडा कार्यालयले रु चार लाख विनियोजन गरेको छ ।

दलित समुदायका बालबालिका विद्यालय समयमा नियमित र त्यसपछि अतिरिक्त कक्षामा थप अध्ययन गर्ने व्यवस्था गरिएको छ । त्यस्ता बालबालिकाका लागि वडाबाट वर्षभरि पुग्ने शैक्षिक सामग्री, अङ्ग्रेजी विषयका पाठ्यपुस्तक, झोला, पोसाक, ट्र्याकसुट, जुत्ता, मोजालगायत सामग्री उपलब्ध गराइएको वडाअध्यक्ष ऐरले जानकारी दिनुभयो ।

विद्यालयका शिक्षक भरतबहादुर ऐरका अनुसार बालबालिकालाई दुईवटा कक्षामा विभाजन गरेर पठनपाठन गरिँदै आएको छ । अतिरिक्त कक्षा सञ्चालन भएपछि बालबालिकाको पढाइमा उल्लेखनीय सुधार देखिएको उहाँले बताउनुभयो । "पहिले धेरै बालबालिका पढाइमा कमजोर थिए, विद्यालय पनि नियमित आउँदैनथे", ऐरले भन्नुभयो, "हाल बालबालिका नियमित विद्यालय आउन थालेका छन् र पढाइमा पनि सुधार भइरहेको छ ।"

यस कार्यक्रमले विद्यालयमा घट्दै गएको विद्यार्थी स॒ंख्या बढाउन पनि सहयोग पुगेको विद्यालय प्रशासनले जनाएको छ । वडा कार्यालयले आगामी दिनमा अझ प्रभावकारी रूपमा दलित तथा अतिविपन्न बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्ने योजना बनाएको छ। विद्यालयमा छात्रावास निर्माण कार्य पूरा भएपछि अतिविपन्न दलित बालबालिकालाई छनोट गरी आवासीय रूपमा राखेर पढाइ गराउने योजना रहेको वडाअध्यक्ष ऐरले बताउनुभयो ।

"छात्रावास बनेपछि टाढाका र अतिविपन्न परिवारका बालबालिकालाई आवासीय रूपमा राखेर पढाउने योजना छ", उहाँले भन्नुभयो, "वडा कार्यालयले विपन्न बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउन अभिभावक बनेर काम गरिरहेको छ र आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिनेछ ।"

वडास्तरबाट लक्षित वर्गका बालबालिकाका लागि सञ्चालन गरिएको यस्तो कार्यक्रमले शिक्षामा पहुँच विस्तार, विद्यालय छाड्ने दर घटाउने र शैक्षिक गुणस्तर सुधार गर्ने अपेक्षा गरिएको छ । आर्थिक अभावका कारण पढाइबाट वञ्चित हुने अवस्थामा रहेका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिएको यस्तो कार्यक्रमले स्थानीय अभिभावक पनि खुसी छन् ।

"यस कार्यक्रमले विशेषगरी दलित तथा अतिविपन्न परिवारका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन महत्त्वपूर्ण भूमिका खेलेको पाइएको छ", दलित अधिकारकर्मी सिवी लुहारले भन्नुभयो, "कक्षा अनुगमन गर्दा बालबालिकाको नियमितता, पढाइप्रति रुचि र शैक्षिक उपलब्धिमा सुधार पाएका छौँ ।"रासस

# गुण्डागर्दीमा संलग्न पाँच, विमानस्थलबाट १८ जना समातिए

काठमाण्डु र काठमाडौँ प्रहरीले गए राति 'अपरेशन सेफ्टी' सञ्चालन गरी उपत्यकाका विभिन्न ठाउँमा गुण्डागर्दीमा संलग्न पाँच जनालाई पक्राउ गरेको छ भने विमानस्थलमा यात्रुलाई दुःख र हैरानी दिने १८ जना पनि नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता, प्रहरी उपरीक्षक पवन भट्टराईका अनुसार प्रहरीले गए राति ' अपरेसन सेफ्टी काठमाडौँ' चालाएर बौद्धमा श्याम लामा समूहमा रहेर गुण्डागर्दी गर्दै आएका 'डिम्पल' भनिने प्रवीण तामाङलाई पक्राउ गरेको हो ।यस्तै काठाडौँको कलङ्की-बाफल क्षेत्रमा गुण्डागर्दी गरेको आरोपमा बिर्जु महर्जन, कलङ्कीकै बस टिकट काउन्टर-पेट्रोलपम्प क्षेत्रमा गुण्डागर्दी गर्ने सुजन कार्की, स्युचाटार क्षेत्रमा गुण्डागर्दीमा संलग्न सरू हुमागाईंलाई र बौद्ध क्षेत्रमा



लुटपाट तथा गुण्डागर्दीमा संलग्न बिकी लामालाई पक्राउ गरिएको भट्टराईले बताउनुभयो ।

यसैबीच राति नै त्रिभुवन विमानस्थल क्षेत्रबाट यात्रुलाई दुःख हैरानी दिने, आफूले चिनेको होटलमा लैजाने र यात्रु र होटलबाट कमिसन खाने १८ जनालाई पनि पक्राउ गरिएको प्रवक्ता भट्टराईले बताउनुभयो ।रासस

# 'अटिजमबारे सचेतना विस्तार गरौँ'

सिद्धार्थनगर । विश्वभर अटिजमसम्बन्धी चुनौती बढ्दै गएकाले यसबारे समाजमा सही बुझाइ विकास गर्नुपर्नेमा वक्ताहरूले जोड दिएका छन् ।

उन्नाइसौँ विश्व अटिजम सचेतना दिवस पारेर भैरहवामा आयोजित सचेतनामूलक कार्यक्रमका वक्ताहरूले अटिजम रोग नभई एक प्रकारको अवस्था भएको उल्लेख गर्दै समयमै पहिचान, उचित हेरचाह र सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँहरूले अटिजम भएका बालबालिकालाई समाजले सकारात्मक दृष्टिकोणले हेर्नुपर्ने र अभिभावकलाई सहयोगी वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा अटिजम विशेषज्ञ तथा थेरापिस्ट समिद कातिला श्रेष्ठले अटिजम भएका बालबालिकाको आवश्यकता फरक-फरक हुने भएकाले व्यक्तिगत रूपमा उनीहरूको व्यवहार बुझेर सहयोग गर्नुपर्ने बताउनुभयो । सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले यस्ता सचेतनामूलक कार्यक्रमले अटिजमबारे जानकारी विस्तार गर्दै समावेशी समाज निर्माणमा सहयोग पुग्ने उल्लेख गर्नुयभो ।

यस्तै, अटिजम सचेतना अभियन्ता नीलम लामा, नन्दु भण्डारी, सुरज भुसाल, पुष्प चक्रधरलगायतले अटिजम भएका बालबालिकालाई समान अवसर र सम्मान दिनुपर्नेमा जोड दिनुभयो । उहाँरूले समाजमा अझै रहेको गलत धारणा हटाउन सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो ।रासस

# भूतपूर्व सैनिक सम्मेलन हुँदै

काठमाण्डु । नेपाली सेनाले करिब ९० हजार अवकाश प्राप्त सैनिकहरूबीच पुनर्मिलन गराउने हेतुले २०७० सालबाट भूतपूर्व सैनिक सम्मेलन कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

'एक पटकको सिपाही, जीवन रहेसम्म सिपाही' रहने हुँदा अवकाश प्राप्त सैनिकका आश्रित परिवारको शिक्षा र स्वास्थ्यको सुनिश्चितता गर्ने कार्य सैनिक कल्याणकारी कोषले गर्दै आइरहेको छ । हरेक प्रधान सेनापतिको कार्यकालमा एक पटक सञ्चालन गरिने भूतपूर्व सैनिक सम्मेलनलाई वैज्ञानिक र व्यवस्थित बनाउन तीन चरणमा विभाजन गरी प्रत्येक चरणमा योजनाबद्ध तरिकाबाट निश्चित प्रदेशहरूमा कार्यक्रम सञ्चालन गरी तीन वर्षमा समग्र देशभरी कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ । यस वर्ष सञ्चालन हुने भूपू सैनिक सम्मेलनको मूल भाव 'भूतपूर्व सैनिक सम्मेलनको प्रण-पुनर्मिलन, हिताधिकारीको कल्याण र कोषको दिगोपन' रहेको छ ।

सैनिक व्यक्तिहरूको अवकाशपछिको जीवनमा थप ऊर्जा प्रदान गर्ने, एकापसमा भेटघाट गरी आफ्ना सुख-दुःखका अनुभवहरू साट्ने, बहालवाला सैनिक र अवकाश प्राप्त सैनिकहरूबीच सामीप्यको भावना जागृत गराउने, नेपाली सेनाद्वारा सञ्चालित विविध कल्याणकारी कार्यहरूको जानकारी गराई अझै समयानुकूल सुधारको लागि थप राय सुझावहरू सङ्कलन गरी प्रभावकारी बनाउने उद्देश्यले भूपू सैनिक सम्मेलन आयोजना हुँदै आएको सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतले बनाउनुभयो । भूपू सैनिक सम्मेलन समग्र राष्ट्र तथा नेपाली सेनाका लागि पूर्वसैनिकले सेवारत रहँदा पुऱ्याउनुभएको



> यस किसिमका सम्मेलनले हिताधिकारीको आत्मीयता, भरोसा एवं विश्वास बढ्दै गएको महसुस गरिएको छ भने सम्पूर्ण हिताधिकारीहरुको प्रतिष्ठा र आत्मसम्मानमा समेत वृद्धि भएको पाइन्छ ।

सेवा र समर्पणको यथोचित सम्मान पनि हो ।

भूपू सैनिक सम्मेलनले समाजमा छरिएर रहेका भूपू सैनिक तथा पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिहरूबीच पुनर्मिलन गरी आपसी भाइचाराको विकास गर्दै अपनत्वको भावना कायम गर्नुका साथै भूपू सैनिक तथा एकल महिलाहरू र आश्रित परिवारहरूको आर्थिक, सामाजिक एवम् भौतिक जीवनस्तरमा सुधारका लागि महत्त्वपूर्ण पक्षहरू जस्तै शिक्षा, स्वास्थ्य, स्वरोजगार, पुनःरोजगार तथा आवासजस्ता कल्याणकारी आवश्यकताहरूको सम्बोधन गर्दै आइरहेको छ ।

यस किसिमका सम्मेलनमार्फत सेनाप्रति समर्पित भूपू सैनिक तथा एकल महिलाहरूको सञ्जाल निर्माण तथा सोको परिचालन गरी नियमित सेना र भूपू सेनाबीच आपसी हितका लागि सहकार्यको वातावरण सृजना गर्नुका साथै भूपू सैनिक व्यक्तिहरू र प्रधान सेनापतिबीच प्रत्यक्ष अन्तर्क्रिया तथा छलफल गर्न कोसेढुङ्गा सावित भएको छ ।यस वर्ष योजना गरिएको भूपू सैनिक सम्मेलनमा लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, मधेस प्रदेश र बागमती प्रदेशका ३३ हजार जनाको उपस्थिति रहने अनुमानसहित चैत महिनाको तेस्रो र चौथो तथा वैशाख महिनाको पहिलो हप्ता गरी चार चरणमा भूपू सञ्चालन गर्न लागिएको छ ।

यसवर्ष मध्यपश्चिम पृतनाअन्तर्गत रूपन्देही, दाङ, प्युठान, रोल्पा, पूर्वरुकुम, पश्चिम रुकुम, सल्यान, कपिलवस्तु, अर्घाखाँची, गुल्मी, पाल्पा, नवलपरासी पश्चिम, नवलपरासी पूर्व तथा पश्चिम पृतनाअन्तर्गत कास्की, म्याग्दी, मुस्ताङ, मनाङ, पर्वत, बाग्लुङ, स्याङ्जा, गोरखा, लमजुङ, तनहुँ र मध्यपूर्वी पृतना अन्तरगत सिन्धुली, रामेछाप, दोलखा, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी गरी कूल ३४ जिल्लामा यही चैत २२ देखि आगामी वैशाख ४ गतेसम्म आयोजना हुनेछ ।

अवकाश प्राप्त सैनिक एवं पारिवारिक निवृत्तिभरणमा रहेका व्यक्तिलाई लक्षित गरी सञ्चालन हुँदै आएको भूपू सैनिक सम्मेलनले विशिष्ट महत्व बोकेको छ । यस किसिमका सम्मेलनले हिताधिकारीको आत्मीयता, भरोसा एवं विश्वास बढ्दै गएको महसुस गरिएको छ भने सम्पूर्ण हिताधिकारीहरूको प्रतिष्ठा र आत्मसम्मानमा समेत वृद्धि भएको पाइन्छ । स्थान विशेषमा रहेका हिताधिकारीहरूको चाहना, आवश्यकता, राय सुझाव र गुनासाहरू नेतृत्व तहबाट स्थान विशेषमै गएर बुझी उनीहरूको समस्या समाधान गराउनेतर्फ ठोस निर्णय लिने छ । रासस

# ठगी गर्ने पक्राउ



**टुडे समाचारदाता**

रौतहट । भारतको बिहार राज्य अन्तर्गत औरंगाबाद जिल्लामा नक्कली आईपीएस अधिकारी बनेर सर्वसाधारणलाई ठगी गर्ने एक सनसनीपूर्ण घटना सार्वजनिक भएको छ ।

दाउदनगर प्रहरीले राजेश शुक्ला नामक एक व्यक्तिलाई पक्राउ गरेको छ, जसले आफूलाई क्ष्एक अधिकारी बताउँदै विभिन्न व्यक्तिहरूसँग ठगी गर्दै आएको खुलेको हो ।

दाउदनगरका एसडीपीओ अशोक कुमार दासका अनुसार पक्राउ परेका शुक्लाले नक्कली प्रहरी वर्दी लगाएर स्थानीयहरूमा धाक जमाउँदै ठूलो रकम असुल्ने गरेका थिए। उनले क्ष्एक अधिकारीको हैसियत देखाएर धेरै मानिसलाई ठगेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीले उनको साथबाट ' ऋक्ष' र 'ल्क्ष' लेखिएको वर्दीसमेत बरामद गरेको छ, जसले घटनालाई अझ गम्भीर बनाएको छ । पीडितमध्ये एक राकेश कुमारले दिएको उजुरीका आधारमा दाउदनगर थानामा मुद्दा दर्ता गरिएको थियो। सोही उजुरीका आधारमा अनुसन्धान अघि बढाउँदा शुक्ला पक्राउ परेका हुन् ।

हाल उक्त आरोपी प्रहरी नियन्त्रणमा रहेको र आवश्यक कानुनी प्रक्रिया पूरा गरी जेल पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ ।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज आत्मविश्वास बढ्ने दिन हो । पारिवारिक साथले मन खुशी हुनेछ ।
**वृष :** धनसम्बन्धी विषयमा सोचेर निर्णय लिनुहोस् ।
**मिथुन :** नयाँ योजना सुरु गर्न अनुकूल समय छ। साथीभाइको सहयोग प्राप्त हुनेछ ।
**कर्कट :** भावनात्मक निर्णयले समस्या ल्याउन सक्छ । काममा एकाग्रता बढाउनुपर्छ ।
**सिंह :** नेतृत्व क्षमता उजागर हुने दिन हो ।
**कन्या :** मेहनतको फल पाइने संकेत छ। अधुरा काम पुरा हुनेछन् ।
**तुला :** सम्बन्ध सुधार हुने समय हो । विवाद समाधानको अवसर मिल्नेछ ।
**वृश्चिक :** गोप्य योजना सफल हुन सक्छ। बोल्दा संयम अपनाउनु आवश्यक छ ।
**धनु :** भाग्यले साथ दिने दिन हो । अध्ययन र ज्ञान वृद्धि हुनेछ ।
**मकर :** कामको बोझ बढ्न सक्छ । समय व्यवस्थापनमा ध्यान दिनुहोस् ।
**कुम्भ:** नयाँ विचारले सफलता दिलाउन सक्छ ।
**मीन:** आध्यात्मिक सोच बढ्ने दिन हो । मनले शान्ति खोज्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



एनजीओ फेडेरेशन अफ नेपाल ले जनकपुरधाममा आयोजना गरेको मुलुकमा असमानताको रिपोर्ट सम्बन्धी मधेश प्रदेश स्तरीय परामर्श कार्यक्रममा शनिबार सरोकारवालाहरुसंग छलफल गरेको छ। *तस्बिर : टुडे*

# नयाँ शैक्षिकसत्र वैशाख २ गतेदेखि, पाठ्यपुस्तक विद्यालयमा पुऱ्याइँदै

काठमाण्डु । आगामी वैशाख २ गतेदेखि प्रारम्भ हुने नयाँ शैक्षिकसत्रका लागि जनक शिक्षा सामग्री केन्द्रबाट मुद्रित विद्यालय तहका पाठ्यपुस्तक देशका विभिन्न भागमा धमाधम पुर्याइँदैछ ।

केन्द्रले यही चैत १६ गतेदेखि पाठ्यपुस्तक वितरण सुरु गरेकामा पाँच दिनमा २५ लाख थान बिक्री भएको जनाएको छ । शैक्षिकसत्र लाग्नुअघि छापाइ गरी विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउने दायित्वबमोजिम केन्द्रले उत्पादन सकेर वितरण सुरु गरिएको



केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले राससलाई जानकारी दिनुभयो ।

शिक्षामन्त्री सस्मित पोखरेलले शुक्रबार भक्तपुर स्थित केन्द्रको कार्यालय र प्रेस अवलोकनका गर्नुभएको थियो । त्यस क्रममा केन्द्रको उत्पादन र प्रगतिबारे जानकारी गराउँदै नयाँ शैक्षिकसत्रमा पाठ्यपुस्तकको अभाव नहुने प्रतिबद्धता व्यक्त भएको थियो ।रासस

# युएईमा घाइते भएका सातै नेपाली खतरामुक्त, छ जना अस्पतालबाट 'डिस्चार्ज'

काठमाण्डु । पश्चिम एसियाको द्वन्द्वका क्रममा संयुक्त अरब इमिरेट्स (युएई) मा आक्रमणमा परी घाइते भएका सबै नेपाली नागरिक सबै खतरामुक्त रहेका छन् । सो आक्रमणमा परेर सात जना नेपाली घाइते भएका जनाइएको छ । घाइते नेपाली नागरिक सबै जानकारी लिइने मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो ।

प्रवक्ता क्षेत्रीका अनुसार छ जना सामान्य उपचारपछि हाल अस्पतालबाट फर्किसक्नुभएको र गम्भीर चोट लागेको भनिएका थप एकजना नेपालीको पनि हाल उपचार जारी रहेको तथा उहाँ पनि



खतरामुक्त रहनुभएको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ ।

राजदूतावासका अधिकारीले गम्भीर घाइतेसहित सातै जनासँग टेलिफोन सम्पर्क गरेको र उहाँहरूले खतरामुक्त रहेको जानकारी गराउनुभएको परराष्ट्र मन्त्रालयले शनिबार जनाएको छ ।

घाइतेमध्येका चारजनालाई दूतावासका अधिकारीहरूले आजै भेट गरी उहाँहरूको अवस्थाका बारेमा बुझ्नुभएको र आवश्यक सहयोगका लागि समन्वय गर्ने उल्लेख गर्नुभएको थियो । बाँकी तीन जनासँग पनि छिट्टै भेट गरी आवश्यक खतरामुक्त रहनुभएको छ । आफू छिट्टै अस्पतालबाट 'डिस्चार्ज' हुने उहाँले टेलिफोनमा बताउनुभएको छ । यस घटनाका सम्बन्धमा जानकारी प्राप्त हुनासाथ आवश्यक समन्वयका लागि मन्त्रालयबाट दूतावासलाई निर्देशन दिइएको थियो । युएईका सम्बन्धित निकायहरूबाट समयमै उहाँहरूलाई उचित उपचारको प्रबन्ध गरिएको थियो । राजदूतावासले उहाँहरूलाई आवश्यक पर्ने कुनै पनि प्रकारको सहयोगका लागि प्रतिबद्ध र तयार रहेको जनाएको छ ।रासस

# "हेल्लो गृष्मा, तिम्रो एसइई कस्तो हुँदैछ ?"

काठमाण्डु । 'हेल्लो गृष्मा, तिम्रो परीक्षा कस्तो हुँदै छ ?' माध्यमिक शिक्षा परीक्षा (एसइई) का लागि घरबाट निस्कन लागेकी काठमाडौंको दरबार हाइस्कुलकी विद्यार्थी गृष्मा अधिकारीलाई भिडियो कलमा चासोपूर्वक सोध्ने व्यक्ति उनका प्राचार्य वा शिक्षक होइनन् । गृष्माका नातेदार वा अभिभावक पनि होइनन् । त्यसरी स्नेहपूर्वक चिन्ता राख्ने सामाजिक अभियन्ता याङजोम शेर्पाले गृष्मालाई मात्र होइन अरु धेरै एसइई विद्यार्थीलाई उनीहरुको परीक्षा र भविष्यको बाटोबारे सोधिरहनुभएको छ ।

याङजोमलाई यसरी हरेक वर्ष एसइईका विद्यार्थीलाई चासो राखेर परीक्षा तयारी कक्षा तथा प्रोत्साहन जगाउन तिनै विद्यार्थी र अभिभावकले प्रेरणा दिएका हुन् ।

याङजोमले आफूले सानो हुँदा त्यो दुर्गम गाउँमा पढ्नका लागि खेप्नु परेको सङ्घर्ष र त्यसबाट अहिले राष्ट्रियस्तरमा चिनिएको व्यक्तित्व प्रेरणाको स्रोत हो । सानैमा आमा गुमाएकी याङजोमले अहिलेका नानीबाबुले आफूले जस्तो अभिभावकविहीन हुनु नपरोस् भन्ने कुराले पनि प्रेरणा पाएर उत्प्रेरणा दिन थाल्नुभएको हो । इमानदार भएर मेहिनतका साथ निरन्तर कर्म गरेमा माथिल्लो तहमा पुग्न सकिन्छ भन्ने उदाहरण उहाँले विद्यार्थीमाझ पुऱ्याउनुभएको छ ।

याङजोमको घर ताप्लेजुङको दुर्गम तर सुन्दर गाउँ फत्ताङलुङको घुन्सामा हो, जहाँबाट जिल्ला सदरमुकाम फुङलिङ पुग्न त्यसबेला पैदलमा सात दिन लाग्थ्यो । पाँचौँ सन्तान जन्माउने बेलामा उपचार अभावमा कठिन पीडा भोगेर याङजोमकी आमाको दुःखद् निधन भएको थियो ।

आमाको निधनपछि याङजोमले तेह्रथुमको आठ्राई सङ्क्रान्ति बजारस्थित फुपुको होटेलमा सघाउँदै विद्यालय शिक्षा पढ्नुभएको थियो । अहिले उहाँ



विद्यालय तहका कैयौँ विद्यार्थीको शैक्षिक आमा बनेर विद्यालय-विद्यालय र भर्चुअल दुनियाँमा छाउनुभएको छ । सामाजिक सञ्जालमा याङजोमले विद्यार्थी भाइ बहिनीका लागि पढाइका कुराका साथै स्वास्थ्य, शिक्षा, अनुशासन र उत्प्रेरणामूलक खुराकहरु निरन्तर प्रवाह गरिरहनुभएको छ ।

केही वर्ष अघि गृह जिल्लाबाट एक आमाले शेर्पालाई फोन गरेर आफ्नो स्नातक गरेका छोरालाई जागिर लगाइदिन आग्रह गरेकी थिइन् ।

याङजोमले ती विद्यार्थी र आमालाई सँगै लिएर चिनेको एक कम्पनीका प्रमुखको भेट गराउनुभयो । ती प्रमुखले विद्यार्थीलाई उनले पढेका विषयमा प्रश्नहरु सोधे तर चार वर्ष पढेर प्रमाणपत्र पाएका ती विद्यार्थीको व्यावहारिक ज्ञान कमजोर पाइयो ।

पढेर जागिर नपाउने त छन् नै, माध्यमिक तहसम्म पढ्नै नपाउने बालबालिका पनि धेरै छन् । प्रमाणपत्र भएर जागिर नपाउने अनि गरिबी र विविध कारणले राम्रो पढ्न नसकेका विद्यार्थीका लागि निःशुल्क अनलाइन कक्षाको देशव्यापी अभियान लिएर तीन वर्षदेखि याङजोम शेर्पा विद्यार्थी, शिक्षक र अभिभावकमाझ पुग्नुभएको छ । यस अभियानको टोलीमा ३५ विषय विज्ञ शिक्षक जोडिएका छन् ।

भिडियो कलमा गृष्मा र उनकी आमा गीता अधिकारीले परीक्षा राम्रो हुँदै गएको तथा यसरी चासो राख्दा आफूहरुलाई खुसी लागेको प्रतिक्रिया दिएपछि याङजोमलाई थप ऊर्जा मिलेको छ । "मेरो सम्पति भनेकै विद्यार्थी र अभिभावकको खुसी हो । उहाँहरुको सफलताले हाम्रो अभियानको सार्थकता दिएको छ ।" याङजोमले भन्नुभयो, "हामीले एसइईका विद्यार्थीका लागि निःशुल्क अनलाइन कक्षा मात्रै चलाइनौँ, उत्प्रेरणा कक्षा पनि सञ्चालन गर्यौँ । यसको सकारात्मक प्रभाव परेको छ ।"

अघिल्ला वर्षमा उन्नती फाउण्डेशनले सुरु गरेको यो यात्रा अहिले घुन्सा फाउण्डेशनबाट एम्बिसन गुरुको प्राविधिक सहयोगमा सञ्चालित छ । विद्यालयमा भइरहेकाक कोचिङ कक्षाभन्दा यो अनलाइन कक्षा प्रभावकारी भएको विद्यार्थी, शिक्षक र अभिभावकले आफूहरुलाई प्रतिक्रिया दिएको याङजोमले बताउनुभयो ।

विसं २०८० मा ३० हजार विद्यार्थीबाट सुरु गरिएको निःशुल्क अनलाइन कक्षा २०८१ सालमा एक लाख ८१ हजार र २०८२ सालमा एक लाख ७२ हजार विद्यार्थी जोडिएका थिए । विषय विज्ञ र प्रविधिमा पोख्त शिक्षकले नेपाली र अङ्ग्रेजीमा माध्यममा निरन्तर अनलाइन कक्षा दिनुले विद्यार्थीका लागि यो 'ब्रम्हास्त्र' सावित हुने ठानिएको छ । गत वर्ष तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले एसइई परीक्षामा ४८ प्रतिशत मात्रै विद्यार्थी सफल भइरहेको समस्यालाई सुधार्न दूरसञ्चार सेवा प्रदायक कम्पनीको सहयोगमा निःशुल्क अनलाइन कक्षा सञ्चालन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र सम्बद्ध निकायलाई आव्हान गर्नुभएको थियो ।

सरकारी निकायले दिएका अनलाइन कक्षाहरुको प्रभाव आमरुपमा पर्न नसकेका बेला सामुदायिकस्तरमा घुन्सा फाउण्डेशनले आफूलाई यस कार्यमा अग्रमोर्चामा प्रस्तुत गरेको छ । गतवर्ष अघिल्लो वर्षको तुलनामा झण्डै १३ प्रतिशतले परीक्षाफलमा सुधार आएको थियो ।

नेपाल ट्रष्टका सञ्चालक समिति सदस्य रहनुभएका याङजोमले यसवर्ष ३४ जिल्लामा 'मोटिभेसनल क्लास' दिँदा शैक्षिक सुधारका लागि थप अनुभव र ज्ञान मिलेको बताउनुभयो । यस्ता उप्रेरणामूलक कक्षामा आनी छोइङ डोल्मा जस्ता व्यक्तित्वलाई पनि प्रस्तुत गर्ने गरिएको छ । "विद्यार्थीलाई कक्षा कोठाको पर्खालभित्रको पढाइमा मात्रै सीमित राख्नुहुँदैन । वर्षभरि मेहिनत गरेर पढेको र बुझेका कुरा परीक्षामा तोकिएको समयभित्र निर्भयताका साथ प्रस्तुत गर्न सक्ने क्षमता विकास गर्नुपर्छ", उहाँले भन्नुभयो, "हाम्रा अनलाइन कक्षा र भौतिकरुपमा गरिएकाका मोटिभेसन क्लासले विद्यार्थीमा त्यस प्रकारको मनोबल दिएको छ ।"

अभियन्ता याङजोम कुनै विद्यालयको कक्षामा पुगेर विद्यार्थीलाई सुरुमै भन्ने गर्नुहुन्छ, "नानीबाबहरु, तिमीहरुको आमा बुबा हुनुहुन्छ होला । हुनेहरु भाग्यमानी हुनुहुन्छ । हुने र नहुनेहरुका लागि म अर्की आमा हो । म तिमीहरुको शिक्षा र भविष्यलाई गोरेटोमा लैजान टेवा दिने एउटी आमा सम्झिए पनि हुन्छ । तिमीहरुको उज्ज्वल भविष्यका लागि हामी एउटा साहारा बन्न सक्छौँ, मेहिनत गर्ने त तिमीहरुले नै हो ।''

राष्ट्रिय परीक्षा बोर्डअन्तर्गत परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले यही चैत १९ गतेदेखि २९ गते देशभर एकै पटक विगतमा झैँ यो परीक्षा सञ्चालन गरिरहेको छ । परीक्षाका लागि यस वर्ष पाँच लाख १२ हजार ४२१ विद्यार्थीले आवेदन दिएका थिए । परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरिएका छन् ।रासस

# सम्झौता गरेर काम सुरु नगर्ने १९ निर्माण कम्पनीलाई स्पष्टीकरण

काठमाण्डु । भौतिक पूर्वाधार विकास कार्यालयले सम्झौता गरेको दुई महिना बितिसक्दा पनि निर्माणको काम सुरु नगर्ने १९ निर्माण कम्पनीलाई लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिएको छ । कार्यालयसँग २६ योजनामा ठेक्का सम्झौता गर्ने १९ निर्माण कम्पनीले तोकिएको समयमा निर्माणको काम सुरु नगरेपछि सातभित्र लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिइएको हो ।

पूर्वाधार विकास कार्यालयले युनानान निर्माण सेवा उदयपुर, विश्वशिखर निर्माण सेवा उदयपुर, अर्जुन पइन्ट इन्जिनियर डेप्लोपर्स प्रा लि काठमाडौँ, राइट ब्रोदर आरटिडी जेभी, इमो बुइल्डर्स प्राइभेट लिमिटेड, शिलान्यास इन्जिनियरिङ कन्सल्टिङ प्रा लि धादिङ, शान्तिभूमि कन्स्ट्रक्सन प्रा लि खोटाङ, अन्सुबी-नेपाल-फूलबारी-पिङ्गला जेभी, एसआर कन्स्ट्रक्सन खोटाङ, निर्मा मन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा लि खोटाङ, रानासाम्पाङ कन्स्ट्रक्सन प्रा लि खोटाङ, भीषणहाङ कन्स्ट्रक्सन प्रा लि भोजपुर, बराहपोखरी कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा लि काठमाडौँ, पाथीभरा निर्माण सेवा उदयपुर, धनसुना कन्स्ट्रक्सन, बी एन्ड बी निर्माण सेवा उदयपुर, खोक्चिलिपा-साल्मे आरटिडी जेभी, डिबी कन्स्ट्रक्सन उदयपुर र डिजी निर्माण सेवा खोटाङलाई स्पष्टीकरण सोधेको छ ।

शान्तिभूमि कन्स्ट्रक्सन प्रा लि खोटाङले तीन तथा विश्वशिखर निर्माण सेवा उदयपुर, पाथीभरा निर्माण सेवा




उदयपुर, बी एन्ड बी निर्माण सेवा उदयपुर, डिबी कन्स्ट्रक्सन उदयपुर र अर्जुन पोइन्ट इन्जिनियर डेप्लोपर्स प्रा लि काठमाडौँले दुई/दुईवटा योजनाको ठेक्का सम्झौता गरेको छ ।

योजनाको सम्झौता गरेर काम सुरु नगर्नुको कारणसहित सात दिनभित्र स्पष्ट विवरण पेस गर्न पत्रमार्फत लिखित स्पष्टीकरण सोधिएको पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर विनम दाहालले जानकारी दिनुभएको छ । "समयमै काम सुरु नभएमा वर्षा सुरु हुन्छ । आर्थिक वर्षको अन्त्यतिर गरिएका निर्माणको काम गुणस्तरीय हुँदैन", उहाँले भन्नुभयो, "समयमा काम सुरु नगर्दा योजना अधुरै रहन्छ । योजनाका लागि विनियोजित बजेटसमेत 'फ्रिज' हुने जोखिम भएकाले सात दिनभित्र लिखित जवाफ दिन निर्माण कम्पनीहरुसँग माग गरिएको हो ।"

योजना सम्पन्न नहुँदा स्थानीय उपभोक्ता तथा सर्वसाधारणले सास्ती भोग्नुपर्ने अवस्था आउने भन्दै कार्यालयले निर्माण कम्पनीहरूलाई तत्काल काम सुरु गर्न पत्रमार्फत चेतावनीसमेत दिएको छ । कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीको प्रत्यक्ष रेखदेखमा तोकिएको समयभित्र गुणस्तर र परिमाणअनुसार सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्न निर्माण कम्पनीहरुलाई निर्देशन दिएको हो ।

निर्धारित समयभित्र निर्माण कार्य सुरु नगरेमा अनावश्यक म्याद थप नगर्ने र कानुनबमोजिम बैङ्क जमानत जफत गरिने कार्यालयका लेखा अधिकृत सीताराम राउतले बताउनुभएको छ । "पहिलो चरणमा लिखित माग गर्छौं । चित्त बुझ्दो जवाफ अपनाएको खण्डमा आवश्यक कारबाहीको प्रक्रिया अघि बढाइनेछ", उहाँले भन्नुभयो, "धेरै निर्माण कम्पनीहरुले अनावश्यक म्याद थप गराउने गर्छन् । काम नगर्ने निर्माण कम्पनीको सिधै बैङ्क जमानत जफत गरिनेछ ।"कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास निर्देशनालयअन्तर्गत पूर्वाधार विकास कार्यालयमार्फत जिल्लामा यो वर्ष १२३ योजनामा ठेक्का सम्झौता भएको छ । ठेक्का सम्झौता भएका २६ वटाबाहेक अन्य योजनाहरु तीव्रगतिमा निर्माण भइरहेको कार्यालय प्रमुख दाहालले जानकारी दिनुभएको छ ।

एकवर्षे र बहुवर्षे योजनाका लागि यस आर्थिक वर्षमा रु एक अर्ब ९४ लाख ७५ हजार बजेट उपलब्ध भएको कार्यालयले जनाएको छ । प्रदेश सरकारबाट स्वीकृत भएर आएका आठवटा योजना जग्गा विवादका कारण ठेक्का आह्वान गर्न नसकिएको कार्यालय प्रमुख दाहालले जानकारी दिनुभएको छ । यस्तै, १७ योजनाका लागि कम बजेट स्वीकृत भएर आएकाले बहुवर्षे योजनामा समावेश गरिदिन प्रदेश सरकारमा सिफारिस गरिएको कार्यालयले जनाएको छ । गरिब तथा विपन्न परिवारका लागि कोशी प्रदेश सरकार, जनता आवास कार्यक्रमअन्तर्गत रु दुई करोड लागतमा ६० घर निर्माण भइरहेको जनाइएको छ ।रासस

# औषधिको 'प्रमोसन' गर्ने व्यक्तिलाई कार्यालय समयभित्र वीर अस्पताल प्रवेशमा निषेध

काठमाण्डु । वीर अस्पतालले चिकित्सकले बिरामीलाई औषधि सिफारिस गर्दा कुनै निश्चित कम्पनी वा 'ब्रान्ड' तोकी नलेख्न निर्देशन गरेको छ । अस्पतालका कार्यकारी निर्देशक प्राडा दिलीप शर्माले चिकित्सकले बिरामीलाई औषधि तथा सर्जिकल सामग्रीको सिफारिस गर्दा कुनै निश्चित कम्पनी ब्रान्ड तोकी नलेखी सबैले बुझ्ने गरी 'जेनेरिक' नाम ठूलो अक्षरमा लेख्न आग्रह गर्नुभएको हो । यसरी चिकित्सकले औषधिको सिफारिस गरेपछि चिकित्सकले आफ्नो लाइसेन्स नम्बर राखेर हस्ताक्षरसहित लेख्न आग्रह गरिएको छ ।

अस्पतालका निर्देशक प्राडा शर्माले औषधिको 'प्रमोसन' गर्ने व्यक्ति (एमआर) लाई कार्यालय समयभित्र प्रवेशमा निषेध गरिएको जानकारी दिनुभयो । औषधिको प्रमोसन गर्ने व्यक्ति (एमआर)लाई कार्यालय समयमा बहिरङ्ग सेवा, आकस्मिक कक्ष तथा शय्यामा प्रवेशमा निषेध गरिएको उहाँले बताउनुभयो । यसैगरी, अस्पतालले अस्पताल हाताभन्दा बाहिरका औषधि पसलबाट औषधि किन्न बिरामीलाई अभिप्रेरित गर्ने र शय्यामा गएर औषधि पसलले 'भिजिटिङ कार्ड' बाँड्ने गरेकोसमेत पाइएकाले त्यस्तो कार्य नगर्न सबै कर्मचारीलाई अनुरोध गर्नुभएको छ ।

यस्तो कार्य गरेको पाइएमा अस्पताल प्रशासनबाट नियमानुसारका कारबाही गर्नेसमेत




अस्पतालका कार्यकारी निर्देशक प्रा डा शर्माले बताउनुभएको छ ।यसैगरी, अस्पताल प्रशासनले चिकित्सकले औषधि तथा सर्जिकल सामग्रीको कम्पनी वा ब्रान्ड नमिलेको भनी फिर्ता गरी बिरामीलाई अनावश्यक दुःख दिने कार्य नगर्नसमेत आग्रह गरेको उहाँले बताउनुभयो ।यदि त्यस्तो दुःख दिने कार्य गरेको पाइएमा संलग्न चिकित्सक, नर्सिङ तथा अन्य कर्मचारीलाई कारबाही गरिने समेतमा अस्पतालले उल्लेख गरेको छ ।

### 'फोकल पर्सन' तोक्न स्वास्थ्य मन्त्रालयको निर्देशन

यसैबीच , स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आफ्नो मातहतका स्वास्थ्य संस्थालाई 'फोकल पर्सन' तोकेर पठाउन निर्देशन जारी गरेको छ । मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीले 'हेलो सरकार'बाट आएका गुनासोलाई सम्बोधन गर्नका लागि आफ्नो मातहतका ४६ स्वास्थ्य सङ्घसंस्थालाई जति सक्दो चाँडो ' फोकल पर्सन' तोकेर पठाउन निर्देशन दिएको जानकारी दिनुभयो । उहाँले सरकारले जारी गरेको शासकीय सुधारका कार्यक्रमको हेलो सरकारलाई स्तरोन्नति गरी नागरिक 'प्लेटफर्म'का रुपमा विकास गर्नका लागि फोकल पर्सन तोकेर पठाउन मन्त्रालयमा मातहतका निकाय, अस्पताल र प्रतिष्ठानलाई निर्देशन दिएको बताउनुभयो । उहाँले ति फोकल पर्सनले हेलो सरकारबाट प्राप्त भएका नागरिकका गुनासो सम्बोधनका गर्ने बताउनुभयो ।

स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, वीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत ४६ वटा विभाग/ अस्पताल/ प्रतिष्ठानलाई पत्र पठाइएको सूचना अधिकारी डा केसीले बताउनुभयो ।रासस

जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शिक्षामा सुधारको सकारात्मक संकेत

संघीय सरकारले शिक्षामा सुधार थालेको सकारात्मक संकेत देखिन थालेको छ । सरकार गठन लगत्तै प्रारम्भ भएको एसइई परीक्षामा सरकारले गरेको सुधारात्मक प्रयासको सकारात्मक परिणाम देखिन थालिएको छ । एसइई परीक्षाको सामूहिक रुपमा गरिने अनुगमन बन्द गरिएको छ । परीक्षा केन्द्र वरिपरीको भीडलाई समाप्त गरिएको छ । परीक्षामा सहभागी विद्यार्थी बाहेक अभिभावक, सहयोगी लगायतलाई परीक्षा केन्द्र भन्दा कम्तीमा २ सय मिटर पर राखिने गरिएको छ । परीक्षा अनुगमनको नाउँमा हुलका हुल अधिकारी, पत्रकारलगायतलाई रोक लगाएपछि परीक्षार्थी बिचलित हुनुपर्ने, समय खेर जाने समस्या हटेको छ । अब परीक्षार्थी एकजना गार्ड बाहेक अनुगमनमा रहेकाहरु पनि भित्र समूहगत रुपमा जान रोक लगाइएको छ । यसले परीक्षार्थीहरुलाई धेरै सहज भएको बताइन्छ । परीक्षार्थीहरु पनि ढुक्क भएर परीक्षा दिइरहेका छन् । परीक्षामा अमर्यादित कार्य गर्नेहरु निस्क्रिय भएका छन् । सरकारले परीक्षामा गरेको सकारात्मक परिवर्तनको परिणाम सकारात्मक नै देखिएको छ । परीक्षामा सरकारले गरेको व्यवस्थापन अत्यन्तले परीक्षालाई अत्यन्त मर्यादित बनाएको छ । गत विगतमा एसइई परीक्षा सञ्चालन हुँदा परीक्षा केन्द्रहरुमा झण्डै ४ घण्टा अत्यधिक तनाव हुने गर्थ्यो । परीक्षा केन्द्रहरुमा दौडादौड, कुदाकुद हुन्थ्यो । परीक्षार्थीहरुले बाहिरबाट चिट आउने प्रतिक्षामा कयौं महत्वपूर्ण मिनेट समय गुमाउँथे । परीक्षार्थीहरुले यस पटक अत्यन्त शान्तिपूर्ण वातावरणमा परीक्षा दिएका छन् । परीक्षामा सहभागी झण्डै सवा पाँच लाख विद्यार्थीहरुको परीक्षाफल पनि चाँडै आउने भएको छ । सरकारले परीक्षा शुरु भएकै दिनदेखि कापी जाँच गरिन थालिएको छ । बढीमा एक हप्ता अझै कापी जाँचमा लाग्न सक्छ । कापी जाँचको प्रक्रिया भएसंगै एसइई परीक्षाको नतिजा सार्वजनिक हुने अवस्था देखिन्छ । एसइईको परीक्षा व्यवस्थित र नतिजा समयमै आउँदा विद्यार्थीहरुलाई ठूलो राहत मिल्ने छ । विगतमा परीक्षा सम्पन्न भइसकेको कयौं हप्तापछि मात्र कापी जाँच हुने गर्दा परीक्षाको नतिजा सार्वजनिक गर्न समय लाग्ने गरेको थियो । एसइईको मात्र नभइ अन्य तहको परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा ढिलाइ हुने गरेको थियो । सरकारले एसइईलाई सजिलै व्यवस्थापन गरेसंगै अन्य तहको परीक्षा पनि मर्यादित र समयमै नतिजा आउने हुनेछ । बालेन सरकारले शिक्षा क्षेत्रमा गरेको प्रयास अत्यन्त सकारात्मक र परीणाममुखी देखिएको छ । शिक्षा क्षेत्रमा धेरै सुधारको खाँचो छ । सरकारी विद्यालयमा आमूल परिवर्तन गर्नुपर्ने छ । उच्च तहको अध्यापन र परीक्षामा समेत सुधार हुन आवश्यक छ । देशमा शिक्षित बेरोजगारको संख्या बढाउने भन्दा सीपमुलक शिक्षाको व्यवस्था गरी रोजगारमूलक बनाउनु पर्छ । सरकारले शिक्षा क्षेत्र सुधारका लागि चालेको कदमले एसइई परीक्षामा ठोस परिणाम आएको छ । सरकारले परीक्षालाई मर्यादित बनाउने र समयमै नतिजा सार्वजनिक गर्न निर्देशन दिएर नै पुगेको छ ।

# ओली पक्राउपछि मुलुकमा नयाँ तरङ्ग



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

बालेन्द्र शाहको प्रधानमन्त्री पदमा शपथग्रहणको खवर चौंतर्फी छाएको थियो । सनातन धर्म र संस्कृतिप्रति समर्पित भई ईश्वरलाई साक्षी राखि लिएको शपथले राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चर्चाको विषय बनेको थियो । चैत १३ गते शुक्रवार राति सुतेर विहान उठेपछि यसो मोवाइलमा सामाजिक सञ्जाल खोल्दा एउटा खवरले झसङ्ग पार्‍यो । झसङ्ग पार्ने अचम्भित खवर थियो, 'पूर्वप्रधानमन्त्री ओली पक्राउ' । शपथको बाह घण्टा नवित्दै समाचारको शीर्षकनै बदलिए ।

विद्यूतीय गतिमा फैलिएको सो खवरले बालेनको भव्य शपथग्रहणको चर्चालाई ओझेलमा पार्‍यो । सरकारको यो कदमले कतै मुलुक पुनः आन्दोलनको चपेटामा पर्ने हो त होईन भन्ने चर्चाको विषय बनेको थियो । ओलीको पक्राउको खवरले मुलुक तरङ्गित भयो । भारतीय टेलिभिजनका समाचार च्यानलहरु ओलीको पक्राउको खवर, प्रमुख समाचारको रुपमा प्रशारण गर्दै रह्यो । लगत्तै, पूर्वगृहमन्त्री रमेश लेखकपनि पक्राउमा परे । जेन्जी आन्दोलनको अभियोगमा कारवाहीको लागि गौरीबहादुर कार्कीको संयोजकत्वमा गठित जाँचबुझ तथा छानविन आयोगको प्रतिवेदनको आधारमा सरकारले पक्राउ गरेको हो ।

बालेन्द्र शाह प्रधानमन्त्री पदको शपथग्रहणको भोलिपल्ट विहानै ओली पक्राउपर्ने सम्बन्धमा कसैले कल्पना गरेको थिएन् । बालेनको यो कदम घातक हुने कि नहुने भन्ने विषयमा आउँदो समयले निर्धारण गर्नेछ । तर, प्रधानमन्त्री बालेनमा अदम्य साहस छ र दृढताका साथ आफ्ना योजनालाई सफल बनाउन अडिग छन् । उनले मुलुकमा सुशासन स्थापनागर्न कडाभन्दा कडा कदम उठाउन अलिकतिपनि विचलित नहुने सन्देशपनि दिएको देखिन्छ । ओली पक्राउको खवरले राजनीतिकवृतमा भुकम्पनै ल्याएको रुपमा व्याख्या हुन थालेको छ ।

सोही घटनाको अभियोगमा तत्कालीन प्रजिअ छवि रिजालपनि पक्राउमा परेका थिए । तर, उनी हाजिरी जमानीमा छुटेका छन् । पूर्वमन्त्री दीपक खड्कालाई पनि पक्राउमा परेका छन् । गत, भदौं २४ गते उनको घरमा आगजनी हुँदा विदेशी मुद्रा र नोट बरामद भएको थियो । सम्पति शुद्धीकरण विभागले सो घटनापछि अनुसन्धान थालेको थियो । उनलाई अदालतले सात दिन,ओली र लेखकलाई पाँच-पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न आदेश जारी गरेको छ ।

सरकारले पुराना दस्तावेजहरु खोतल्न शुरु गरेकाले राजनीतिकवृत एवम् प्रशासनीक क्षेत्रमा नयाँ हलचल देखिन थालिएको छ । कतिखेर, बालेन सरकारले कुन कदम चाल्ने र को-को कारवाहीमा पर्ने डर उच्च पदस्थ कर्मचारी र विवादित निर्णयगर्ने मन्त्रीहरु यतिखेर, त्रसित छन् । सम्पति शुद्धीकरण विभागले पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, केपि ओली र प्रचण्डको चल, अचल सम्पतिको छानविन शुरु गरेको छ । उनीहरु नातेदारको सम्पतिको छानविनको परिधिमा परेको छ ।

बालेन प्रधानमन्त्री बन्ने निश्चित भइसकेपछि महेश बस्नेतहरुमा ओली पक्राउपर्ने संशय थियो । त्यसकारण, कडा शब्दको प्रहार गर्दै ओलीलाई छुनपनि नसक्ने भनेर थर्काउने गर्दथे । उनीहरु तडकभडक देखाएर बालेनलाई तर्साउन खोजेका थिए भन्ने छर्लङ्ग भयो । कतिपयले बालेनको यो कदमलाई पहिलो गासमैं ढुङ्गा भनेर आलोचना गरेका छन् । कतिपय अधिवक्ताले आयोगको प्रतिवेदनमाथि अनुसन्धान नगरिकन पक्राउ गर्न नमिल्ने तर्क राखेका छन् । राजनीतिक प्रतिशोध साधेको भनेर प्रतिक्रिया दिनेपनि छन् । पाकिस्तान र बङ्गलादेशमा सत्ता परिवर्तनपछि निवर्तमान प्रधानमन्त्रीलाई थुन्ने परिपाटी छ । प्रधानमन्त्री बालेन्द्र शाहले पनि ति देशका शैली अपनाएको आरोप लगाएका छन् । अर्कोतर्फ, कतिपयले बालेनको उक्त कदमलाई साहसिक कदम भन्दै अव, मुलुकमा सुशासन स्थापनाको लागि पहिलो कदमको रुपमा विश्लेषण गर्छन् । शाहको प्रधानमन्त्री पदमा शपथग्रहणपछि नेपालमा राजनीतिको नयाँ युग शुरु भएको भनेर तर्क दिनेहरु पनि छन् । समग्रमा भन्नुपर्दा, ओलीको पक्राउपछि मुलुकमा मिश्रित प्रतिक्रिया देखिएको छ । पुराना दलका नेताहरु संयमित भाषामा ओलीको पक्राउको प्रतिवाद गरेका छन् ।





### ओलीलाई पक्राउको कारण

प्रधानमन्त्री पदमा आसिन हुनासाथ बालेनले सवैभन्दा पहिले ओलीलाई पक्राउगर्ने कदम किन उठाए भन्ने सम्बन्धलाई गाउघरको एक कथासँग जोडिएर व्याख्या गर्दा उपयुक्त हुन्छ । कथा यसप्रकार छ-

एउटा गाउँमा नाच हुँदै थियो । गाउभरिका मानिसहरु नाच हेरिरहेका थिए । गाउँका शक्ति सम्पन्न व्यक्तिको नेतृत्वमा नाच हुँदै थियो । मादल बजाउने सिप नजनानेर पनि उनी मादल बजाउँदै नर्तकीलाई नचाइरहेका थिए । सो विना सुरतालको नाचगान मन नपरेपनि हेर्न गाउले बाध्य थिए । नाच बन्द गर्न एक युवकले आँट गर्‍यो । उनले सोझैं मादल बजाउनेलाई नै ठोकेछ । शक्तिशाली व्यक्तिनै ठोकाईमा परेपछि उनका समर्थकसहित गाउँले भागाभाग भए, नाच विथोल्यो । यो गाउँले कथा मैथिलीको एक लोकोक्ति- " मारो मृदंङ्गियाको नाच खतम हो जाय ।" अर्थात, प्रमुख नाइकेलाई नै ठोक, बाँकी सवै भाग्नेछ । ओलीको पक्राउपछि अहिलेको अवस्था गलत गरेका व्यक्तिबीच भगदडको अवस्था सृजना भएको छ । किनभने, ओलीको सशक्त छविका, निर्भिक एवम् वजनदार वोलीका नेता हुन् । पूर्वप्रधानमन्त्री बीच ओली छुट्टै रवाफ राख्ने नेतापनि हुन् । हत्तपत्त विचलित नहुने नेताको रुपमा उनको पहिचान छ ।

ओलीलाई अविलम्ब पक्राउ गर्नुपर्ने दोश्रो कारण । कार्कीको प्रतिवेदन सार्वजनिक भइसकेपछि जेन्जीका असन्तुष्ट पक्षले माइतीघरमा कार्की आयोगको प्रतिवेदन लागूगर्न तत्कालीन प्रधानमन्त्री सुशीला कार्कीलाई दवाव दिन प्रत्येक दिन माइतीघरमा भेला भई प्लेकार्ड बोकेर विरोध गर्थे । बालेन शपथग्रहणको भोलिपल्ट नै उनीहरु पुनः छानविन 'प्रतिवेदन लागू गर' भनेर नारा घन्काउँदै माइतीघरमा पुग्ने थिए । त्यसपछि, सरकारले ओलीलाई पक्राउ गरेको भए, यश ति समूहले लिन खोज्ने थियो । आफूहरु दवाव दिएपछि मात्र सरकारले ओलीलाई पक्राउ गरेको भनेर व्यापक रुपमा प्रचार गर्ने थिए । तेस्रो महत्वपूर्ण कारण- प्रधानमन्त्री बालेन्द्र शाहले ओलीलाई पक्राउ गरी कडा सन्देश दिएको छ । "कानुनभन्दा माथि कोही छैनन् । सरकार मुलुकमा सुशासन कायमगर्न र भ्रष्टाचारलाई निर्मूल गर्न पछि हटने छैन् ।"

कार्की आयोगको प्रतिवेदन सरकारीले लागू गर्दैन, ओलीलाई तत्काल कसरी पक्राउ गर्छन् भन्ने कतिपयको तर्क थियो । तर सरकारले शपथग्रहण गरेकै बेलुकी मन्त्रिपरिषदको वैठकबाट कार्की आयोगको प्रतिवेदन जारी गरी कारवाहीको सन्देश दिइसकेको थियो ।

### एमालेको विरोध प्रभावहीन

कृपि ओली पक्राउको खवर सुनेर एमालेका हजारौं कार्यकर्ता सडकमा उत्रनेछ भनेर आकलन गरिएको थियो । ओली पक्राउ परेपछि शनिवार विहानैदेखि एमालेका कार्यकर्ता काठमाडौंलगायत देशभरका सदरमुकामलगायत विभिन्न शहरको सडकमा आक्रोसित मुद्रामा उत्रेका थिए । दोश्रो दिन त सङ्ख्या एकदम कम भयो । एमालेले कानुनी बाटो अपनाउनुनै उचित थियो । फितलो शक्ति प्रदर्शनबाट एमालेको कमजोरी उजागर भएको छ । बर्षोदेखि सत्ताको सुखमा रमाएका अधिकांस नेताहरु सडकमा उत्रेको देखिएन । जनसमर्थन नपाएपछि आइतवार विरोधका कार्यक्रम मत्थर भयो । यसकारण, एमालेको छविमा उल्टो प्रभाव परेको देखिन्छ ।

### दुरदृष्टि अभावको परिणाम

एउटा संस्कृतको श्लोकले दुरदृष्टि र विना विचार गरी कार्य गर्दा कस्तो दुष्परिणाम उत्पन्न हुन्छ भन्ने सम्बन्धलाई दर्शाउँछ । "सहसा विद्यतीत न क्रियाः अविवेकः परमापदां पदम ।" अर्थात, विचार नगरिकन हतारमा कुनै कार्य गर्नु हुँदैन् । त्यो विवेकहीनता हो, आफ्त निम्त्याउँछ । ६ महिनाअघि तत्कालीन प्रधानमन्त्री केपि ओलीले सामाजिक सञ्जालमाथि प्रतिबन्ध नलगाएको भए, उनी अहिलेसम्म सम्भवतः प्रधानमन्त्री पदमैं आसिन रहन्थे । आलोपालोको नियमको आधारमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने तरखरमा हुन्थे । सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउँदा त्यसको विपरीत प्रभाव कस्तो हुनेछ भन्ने सम्बन्धमा ओली अनभिज्ञ थिए भन्ने बुझिन्छ । सामाजिक सञ्जाल बन्द भएपछि अधिकांस व्यक्ति आक्रोसित भए । नवयुवाहरु आन्दोलनमा उत्रेपछि सरकारले कडा रुप धारण गर्‍यो । ७६ जनाको मृत्यु भयो । अर्बोको सम्पति ध्वस्त भयो । ओलीलाई सत्ता छोड्नु पर्‍यो । अव, बालेन्द्र साह प्रधानमन्त्री छन् । ६ महिनाअघि सत्तासुखमा रहेका ओलीलाई एक गलत निर्णयले गर्दा परिणाम सवैको सामू छ ।

निर्वाचनकै मुखमा काँग्रेसभित्र विशेष अधिवेशन भयो । त्यसले गर्दा निर्वाचनमा नकारात्मक प्रभाव पर्‍यो । गगन थापालाई के भ्रम भयो भने आफू युवा हुँ, अधिकांस युवालाई उम्मेद्वार बनाउँछु । युवा मतदाताहरु काँग्रेसको पक्षमा मतदान गर्छन् । तर, सोको विपरीत परिणाम आएपछि अहिले काँग्रेस विभाजनको साघारमा पुगेको छ । यतिखेर, संसद्मा कसरी नयाँ रणनीतिका साथ प्रवेश गर्नुपर्ने सम्बन्धमा ठोस रणनीति बनाउनुपर्ने थियो । संसदीय दलको नेता छनोट गर्नुपर्ने थियो । काँग्रेसका दुवै पक्ष आन्तरिक शक्ति सञ्चयमा लागेका छन् । विना विचार नगरिकन कदम उठाउँदा काँग्रेस झन कमजोर अवस्थामा पुगेको छ ।

### मुलुक दुई धारमा विभाजित

नेपालमा प्रजातन्त्रको पुनःस्थापनापछि कुनैपनि सरकार पार्टीबाट माथि उठ्न सकेन् । आफू र आफ्ना दलका कार्यकर्तालाई कसरी बलियो बनाउनेतर्फ केन्द्रीत थियो । देशलाई सशक्त बनाउनका लागि देखावटी कामहरु मात्रै भयो । दातृनिकायको सहयोगको पनि उचित उपयोग भएन् । वालेन प्रधानमन्त्री भएपछि सर्वसाधारण जनतामा सुशासन कायम हुने विश्वास जागेको छ भने अर्कोतर्फ, पुराना दलहरु हतास छन् । रास्वपा दुई तिहाईको हाराहार ीसहित संसद्मा छन् । अर्कोतर्फ, प्रतिपक्ष काँग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टीहरु एक ठाउँमा उभिनेछ । अव, हेर्नुछ, संसद् सुचारु रुपले चल्छ कि विगतझैं प्रतिपक्षद्वारा हुने गरेको अवरोधले निरन्तरता पाउनेछ ।

### सरकारको निर्णय र कदम

महान दार्शनिक प्लुटोको दृष्टिमा व्यक्तिको व्यवहार, उसको समाजको उपज हो । व्यक्तिको जन्म,. र पालनपोषण जुन किसिमले हुन्छ, सोही किसिमको व्यवहार गर्छ । समाजबाट सिकेका व्यवहारको उत्तरदायीपनि समाजको हुन्छ । अव, समाजले सत्ताको स्वरुप परिवर्तन गरेको छ । सत्तासँगै टासिँएर सरकारको महत्वपूर्ण निर्णयमा चलखेलगर्ने कार्यमा विराम लाग्नेछ भने विश्वास गरिएको छ । जनताले सुशासन र दण्डहीनताको अन्त्य खोजेको छ । यस विषयमा नयाँ सरकारलाई ठोस कदम चाल्नुपर्ने हुन्छ । सरकारले केही महत्वपूर्ण निर्णय लिएपछि सुशासनको तर्फ सरकार अग्रसर भइसकेको सन्देश प्रवाह भएको छ ।

प्लुटोले लोकतन्त्रमा विभिन्न गुट र वर्गको सङ्कीर्ण हितलाई प्राथमिकता दिने गर्छ । जसकारण सामान्य हितको उपेक्षा हुन्छ । नेतालाई सत्तामा बस्नका लागि सहयोगी गुट वा दललाई सन्तुष्ट गर्नुपर्छ । जसले गर्दा नैतिकता र न्यायको ह्रास हुन्छ । लोकतन्त्रको बहुमतको सरकार तानाशाहपनि हुने गर्छ । बालेनको अपार बहुमतको सरकार हो । बहुमतको अहङ्कारमा सत्ताको दुरुपयोग हुन नदिन सचेत रहनुपर्छ ।

सरकारले सार्वजनिक गरेको सयबुँदे कार्ययोजनाले जनमानसमा आशा जगाएको छ । सरकारको प्राथमिकतामा स्वास्थ्य, कृषि शिक्षा र पूर्वाधार छन् । यसका साथै, प्रशासनीक सेवालाई चुस्त बनाउनुपर्छ । जनताले घोषणासँगै कार्यान्वयन चाहेका छन् । सरकारले गरेको कामको उपलब्धि जनतासम्म पुग्नुपर्छ । सेवा प्रवाहगर्ने कार्यालयमा अतिरिक्त शुल्क लिने कर्मचारी र विचौलियामाथि कडा कारवाही हुनुपर्छ ।'इतिश्री'

# बलात्कारीको कुनै जात, धर्म र पद हुँदैन



लक्ष्मी बर्देवा

प्रत्येक व्यक्तिका आफ्ना नैतिक संकट र सीमा हुन्छन् भने जस्तै प्रत्येक समाजका पनि आफ्नै नैतिक संकट र सीमा हुँदा रहेछन् । नेपाली समाज यतिबेला त्यस्तै गम्भीर नैतिक संकटबाट गुज्रिरहेको छ ।

बाहिरबाट हेर्दा हामी सभ्य, सुसंस्कृत र एकअर्काको सुख दुःखमा साथ दिने 'परोपकारी' देखिन्छौँ । तर मुकुण्डो भित्र त्यस्तो बीभत्स अनुहार लुकेको छ, जसले शक्ति, पहुँच र पुरुषत्वको दम्भमा अर्काको अस्तित्वलाई नकार गर्छ ।

वर्षौंदेखि आफ्नै वरपर रहेर, समाजसेवाको मुकुण्डो भिरेर वा व्यावसायिक सफलताको ओत लागेर 'स्वच्छ छवि' बनाएका व्यक्तिहरू जब बलात्कार जस्तो जघन्य अपराधमा गर्छन्, तब समाजको एउटा तप्का अपराधीलाई दण्डित गर्न होइन, बरु उसलाई जोगाउन ढाल बनेर उभिन्छ ।

यो लेखोट तात्कालिक घटनाको विवरण होइन, यो त हाम्रो समाजमा जरो गाडेर बसेको बलात्कारी मानसिकता र त्यसलाई मलजल गर्ने सामाजिक संरचना विरुद्धको हाँक हो ।

हाम्रो समाजको सबैभन्दा ठुलो रोग पाखण्डीपन हो । जब कुनै प्रतिष्ठित भनिने व्यक्तिको वास्तविक अनुहार समाजका अघिल्तिर छर्लङ्ग हुन्छ, समाज स्पष्ट रुपमा दुईवटा धारमा विभाजित हुन्छ । एउटा धार न्यायको पक्षमा उभिन्छ भने अर्को ठुलो धार 'उसले यस्तो गर्नै सक्दैन' भन्दै पीडकको चरित्र प्रमाणीकरण गर्नतर्फ लाग्छ ।

पीडकको पक्षमा उभिएको समाजको त्यो तप्का पीडितको म्यासेन्जर, ह्वाट्स्यापमा पुगेर 'किन बोलेको ?', 'यति ढिला किन बोलेको ?', 'पक्कै पैसाको बार्गेनिङ गर्न खोजेको होला' जस्ता तुच्छ लाञ्छना लगाउनतर्फ लाग्यो । तर, त्यही तप्काका मानिस पीडकलाई प्रश्न गर्ने आँट गर्दैनन् ।

पीडकको रक्षा र पीडितको चारित्रिक प्रमाणपत्र बोकेर समाजमा छताछुल्ल त्यो तप्काले हाम्रो समाजको वास्तविक पिडकमैत्री अनुहारलाई सबैका अघिल्तिर उभ्याई दिएको मात्र हो । यो प्रवृत्तिले हाम्रो समाजमा ' न्याय' भन्दा 'प्रतिष्ठा' ठुलो हो र त्यो प्रतिष्ठा पनि केवल पुरुषको मात्र सुरक्षित छ भन्ने देखाउँछ ।

नेपालमा बलात्कारलाई 'यौनजन्य घटना' का रूपमा मात्र हेरिन्छ । तर, यो शक्ति अभ्यासको एउटा निकृष्ट रूप हो । पितृसत्तात्मक समाजमा पुरुषले महिलालाई आफ्नो अधीनमा राख्न, उसलाई मानसिक रूपमा भत्काउन र आफ्नो वर्चस्व कायम गर्न बलात्कारलाई हतियार बनाउँछ ।

नेपालको मुलुकी अपराध संहिता २०७४ ले बलात्कारलाई जघन्य अपराध मान्दै कडा सजायको व्यवस्था गरेको छ । तर, कानुन हुनु र न्याय पाउनुबिचको दुरी नेपालमा निकै फराकिलो छ । लामो समयसम्म बलात्कारका मुद्दामा रहेको हदम्यादले गर्दा धेरै पीडितहरूले उजुरी नै गर्न सकेनन् । भर्खरै केही सुधार भए पनि बालबालिका र वयस्कका हकमा अझै पनि व्यवहारिक जटिलताहरू छन् ।

आजको जमानामा पनि मानिसहरू सजिलै भनिदिन्छन्, 'महिलालाई अधिकार धेरै भयो, त्यसैले यस्ता घटना बढेका हुन ।' के अधिकार पाउनु भनेको बलात्कृत हुनुको निमन्त्रणा हो ? चिया पसलदेखि सामाजिक सञ्जालसम्म महिलालाई 'दास', पुरुषलाई 'मालिक' झैँ दर्साउने अनेकौँ कथ्य रचना गरिएका छन् । पिडकमैत्री भाष्यको इकोच्याम्बरमा सबैलाई 'पीडक नै वास्तविक पीडित हो र पीडित महिला नै पीडक हो' जस्तो बनाइएको छ ।

वास्तवमा यही मानसिकताले बलात्कारलाई प्रश्रय दिइरहेको छ । जब समाजले महिलालाई केवल उपभोगको वस्तु मात्र सम्झन्छ, तब उसको इच्छा, मन्जुरी र आत्मसम्मानको कुनै अर्थ रहँदैन् ।

नेपालको मुलुकी अपराध संहिता २०७४ ले बलात्कारलाई जघन्य अपराध मान्दै कडा सजायको व्यवस्था गरेको छ । तर, कानुन हुनु र न्याय पाउनुबिचको दुरी नेपालमा निकै फराकिलो छ । लामो समयसम्म बलात्कारका मुद्दामा रहेको हदम्यादले गर्दा धेरै पीडितहरूले उजुरी नै गर्न सकेनन् । भर्खरै केही सुधार भए पनि बालबालिका र वयस्कका हकमा अझै पनि व्यवहारिक जटिलताहरू छन् ।

बलात्कार जस्तो एकान्तमा हुने र शक्ति प्रयोग गरिने घटनामा 'भौतिक प्रमाण' खोज्ने हाम्रो अदालती प्रक्रियाले पीडितलाई थप पीडा दिन्छ । 'बलात्कार हुँदै गर्दा के कति प्रतिरोध गऱ्यौ ?' भन्ने प्रश्नले पीडितलाई अपराधीले जत्तिकै मानसिक चोट पुऱ्याउँछ ।

जब पीडितले 'मलाई थाहा छ, मैले न्याय पाउँदिनँ र अब लड्ने हिम्मत पनि छैन ।' भनिन् म स्तब्ध भएँ । शुन्य ! बरफझै जमेकी म पिडिता सँग-सँगै मेरो न्याय व्यवस्था, पीडितको न्यायालयप्रतिको विश्वास र मेरो समाजको पिडकमैत्री व्यवहार सबै एकैपटक सम्झन पुगेँ । के यो गम्भीर र सोच्नु पर्ने कुरा होइन ? के तपाईं-हामीलाई समाजको ठुलो तप्कामा पिडकमैत्री सोच झाङ्गिदै जानु समाजकै लागि हितकर होइन भन्ने लाग्दैन ? के मेरो समाज पहिलेदेखि नै यस्तै थियो ? हामी नेपाली यस्तै थियौं ? परपीडक ?

नेपालको न्याय प्रणालीमा राजनीतिक हस्तक्षेप र शक्ति सम्बन्धको यति गहिरो प्रभाव छ कि, अपराधीले सजिलै सफाइ पाउने वा मुद्दालाई कमजोर बनाएर न्यायालयबाटै धोइ-पखाली गरी पीडकलाई समाजमा पुनः स्थापित गराउन सकिन्छ भन्ने हामीले विगतका केही बलात्कारजन्य मुद्दाहरूमा देखि सकेका छौं । आजको युगमा सामाजिक सञ्जाल न्यायका लागि एउटा सशक्त माध्यम त बनेको छ । तर, यसले पीडितका लागि ' नयाँ रणभूमि' पनि सिर्जना गरिदिएको छ । कुनै घटना सार्वजनिक हुनासाथ 'भन्नेले खुलेआम भन्न सक्नु पर्छ', ' पीडित भनौदिको फोटो यही हो' भन्दै पीडितको फोटो, ठेगाना र व्यक्तिगत जीवनका कुराहरू सार्वजनिक गरिन्छ । यति मात्रै होइन, सामाजिक सञ्जालबाटै खुलेआम बलात्कारको आह्वान गरिएको हामीले देखि रहेकै छौं ।

लोकतान्त्रिक राज्य व्यवस्थामा न्याय फेरि पनि मर्नु हुँदैन । पीडितले न्याय पाउने र यो देशका सम्पूर्णले न्याय पाएको महसुस गराउने जिम्मेवारी न्यायालयकै हो । संयोगवश हिजो मात्रै न्यायालयको जिम्मेवारी महिलाकै काँधमा आई पुगेको छ । यो देशका सम्पूर्ण महिलाहरूले आशापूर्ण नजरसाथ कायममुकायम प्रधानन्यायाधीश सपना मल्ल प्रधानतर्फ हेरिरहेका छन् ।

महिलाले आवाज उठाउँदा 'मर्यादाहीन', 'चरित्रहीन' वा 'अतिवादी' को संज्ञा दिनु अहिलेको अनलाइन ट्रेन्ड बनेको छ । 'महिला अधिकारका कुरा धेरै भए' भन्नुको पछाडि पुरुषको अहम् र असुरक्षा लुकेको प्रस्ट बुझिन्छ । पितृसत्ताको निकृष्ट सांस्कृतिक चिन्तन प्रणालीमा हुर्किएकाहरू महिला 'पुरुषको जाँघमुनी' हुनुपर्छ भन्ने सोच्छन् । आजका सशक्त र आजाद महिला देखेर उनीहरू असुरक्षा महसुस गर्दैछन् ।

हामीले जसलाई 'भद्र', 'सफल' वा 'आदर्श' मान्छौं, उनीहरू नै भित्र-भित्रै राक्षसी प्रवृत्ति पालेर बसेका हुन् सक्छन् भन्ने कुरा धेरै पटक, धेरै घटनाले पुष्टि गरेका छन् । समाजले सधैं बाहिरी आवरणलाई पुज्छ । यदि कोही व्यक्ति सफल छ वा ठुलो ओहोदामा छ भने, उसले गरेको साना-ठुला अपराधलाई 'भुलवश भएको' भन्दै माफी दिने संस्कार हामी कहाँ छ ।तर, के यस्तै माफी हामी बलात्कारीलाई पनि दिन तयार भएका हौं ?

यहाँ एकदमै सामान्य प्रश्न छ- बलात्कार गर्ने अपराधी हो वा होइन ? मुख लुकाएर हिँड्नु पर्ने बलात्कारीले हो वा बलात्कार पीडित महिलाले ? समाजमा इज्जत बलात्कारीको जानु पर्ने हो वा बलात्कार पीडित महिलाको ? तर यहाँ त बलात्कार पीडित महिलाको घाउ झन्–झन् बल्झाएर त्यसमा पो हामी आनन्द मानिरहेका छौं । के हामीले सोचेको, निर्माण गर्न चाहेको समाज त्यस्तै हो ? जहाँ बलात्कारी खुलेआम मञ्चमा विराजमान हुन्छ र बलात्कृत महिलाहरू मुख लुकाएर लुकी-लुकी हिँड्नु परोस् ।

त्यसैले समाजले अपराधीलाई 'आफ्नो मान्छे' वा ' शक्तिशाली मान्छे' भनेर चिन्न छोड्नुपर्छ । अपराधीको कुनै जात, धर्म वा पद हुँदैन । उसलाई सामाजिक र कानुनी दुवै रूपमा बहिष्कृत गर्नुपर्छ । पीडकलाई कलआउट गरेकै आधारमा पीडितलाई 'तिमीले गल्ती गऱ्यौ' भन्नुको साटो ' तिमीसँग जे भयो, गलत भयो । हामी तिम्रो न्यायको पक्षमा छौं' भन्न सक्नु पर्छ । लोकतान्त्रिक राज्य व्यवस्थामा न्याय फेरि पनि मर्नु हुँदैन । पीडितले न्याय पाउने र यो देशका सम्पूर्णले न्याय पाएको महसुस गराउने जिम्मेवारी न्यायालयकै हो । संयोगवश हिजो मात्रै न्यायालयको जिम्मेवारी महिलाकै काँधमा आई पुगेको छ । यो देशका सम्पूर्ण महिलाहरूले आशापूर्ण नजरसाथ कायममुकायम प्रधानन्यायाधीश सपना मल्ल प्रधानतर्फ हेरिरहेका छन् ।

पीडितलाई न्याय दिलाउन त्यसको पहल लिने जिम्मेवारी के उहाँको होइन ? के हामीले उहाँप्रति आशापूर्ण नजरले हेर्नु व्यर्थ छ ? जबसम्म हामी 'यस्तै हो' भनी चुप बस्छौं, तबसम्म हामी कुनै न कुनै ढंगले अपराधको मतियार बनिरहेका हुन्छौं ।आउनुस् अपराधीका विरुद्ध पीडित महिलालाई न्याय दिलाउने शृत लामा उभिऊँ । हामी उभिएको स्थानले समाजको न्यायतर्फको गोरेटो खन्न सघाउ पुऱ्याउने छ ।रातोपाटी

# ब्याज मिनाहा गर्न मुख्यमन्त्री बानियाँद्वारा माग



बागमती । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले हेटौँडामा सडक विस्तारका क्रममा संरचना भत्काउँदा पीडित भएका व्यवसायीलाई सुविधा दिनु आग्रह गर्नुभएको छ ।

मकवानपुर उद्योग वाणिज्य सङ्घको ५९औँ वार्षिकोत्सवको शनिबार हेटौँडामा उद्घाटन गर्नुहुँदै उहाँले हेटौँडामा सडक विस्तारका लागि संरचना भत्काउँदा पीडित व्यापारी भएका व्यापारीको बैङ्कको ब्याज मिनाहा गर्न सङ्घीय सरकारले पहल गर्नुपर्ने बताउनुभयो । व्यापारीहरुले प्रदेश सरकारलाई बुझाउँदै आएको करमा सहजीकरण गर्न सरकार तयार रहेको बताउनुहुँदै मुख्यमन्त्री बानियाँले पीडित व्यवसायीहरुलाई सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

व्यापारमा इमानदारिता, काँधमा जिम्मेवारी र मस्तिष्कमा समझदारी आवश्यक रहेको बताउनुहुँदै मुख्यमन्त्री बानियाँले व्यापारमा बेइमानी भए राज्यले अङ्कुश लगाउन सक्ने अवस्था आउन सक्ने बताउनुभयो ।हेटौँडा बजारमा कम क्षति हुने गरी मुख्य सडक विस्तार गर्नुपर्ने जोड दिनुहुँदै उहाँले लच्का पुलदेखि राप्ती पुलसम्म बाइपास बनाउन सङ्घीय सरकारले निर्णय गरे प्रदेश सरकारले आवश्यक बजेट छुट्याउन तयार रहेको बताउनुभयो ।

**'उद्योग वाणिज्य क्षेत्रको नेपालको अर्थतन्त्रमा ठूलो योगदान'**

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्योग वाणिज्य क्षेत्रको नेपालको अर्थतन्त्रमा ठूलो योगदान रहेको बताउनुभएको छ । मकवानपुर उद्योग वाणिज्य सङ्घको ५९औँ वार्षिकसभाको अवसरमा शनिबार आयोजित कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रदेश सरकार सङ्घीय सरकारसँग सहकार्य र समन्वय गरेर उद्योग व्यापार क्षेत्रको समग्र विकासमा मिलेर काम गर्न इच्छुक रहेको बताउनुभयो ।

नयाँ सरकारसँग उद्योग वाणिज्य क्षेत्रले धेरै आशा भरोसा गरेको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले यसका लागि प्रदेश सरकार सङ्घीय सरकारसँग सहकार्य गरेर अघि बढ्ने स्पष्ट पार्नुभयो । सभाका अन्य वक्ताले राज्यले उद्योग वाणिज्य क्षेत्रमा करको दर बढाउने, राजस्व मात्र बढी सङ्कलन गर्ने तथा स्थानीय तहले करको दर मात्रै बढाउने गर्दा उद्योग व्यवसायी धरासायी हुने खतरा बढेको बताए । उद्योग वाणिज्यमैत्री नीति ल्याएर सो अनुरुप कानुन बनाउन सके समग्र अर्थतन्त्रको विकास हुनेतर्फ ध्यान दिन उहाँहरुको आग्रह थियो । रासस

# कांग्रेसलाई एकढिक्का बनाउन अन्तिमसम्म प्रयास गर्छु: नेता डा कोइराला

काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले कांग्रेसलाई एकढिक्का बनाउन अन्तिम समयसम्म पनि आफूले पहल गर्ने बताउनुभएको छ ।

बिपी स्मृति सामुदायिक सहकारी अस्पतालको १८औँ वार्षिक साधारणसभाको आज यहाँ उद्घाटन गर्दै उहाँले कांग्रेसलाई एकढिक्का बनाएर आगामी निर्वाचनमा पहिलो राजनीतिक शक्तिका रूपमा स्थापित गराउने आफ्नो इच्छा रहेको बताउनुभयो । डा कोइरालाले आफू पक्ष वा विपक्षभन्दा पनि कांग्रेसलाई एकढिक्का बनाउने पक्षमा रहेको जिकिर गर्नुभयो । "मलाई सामाजिक सञ्जालमा यो वा त्यो पक्षको भनेर प्रचार गरेको सुनेको छु, तर म पार्टीको कुनै समूहमा छैन । मेरो लक्ष्य कांग्रेसलाई एकढिक्का बनाउने हो, त्यसका लागि म अन्तिमसम्म प्रयास गर्छु", उहाँले भन्नुभयो ।



नेता डा कोइरालाले गत फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदाताले पार्टी नछोडी मत मात्रै फेरेको भन्दै आगामी दिनमा त्यो भोटलाई 'सिफ्ट' हुन नदिने गरी क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो । उहाँले संसदमा कांग्रेसको उपस्थिति कमजोर हुनुमा जनताको चाहना र नयाँ राजनीतिक 'हावाहुरी' लाई बुझ्न नसक्नु मुख्य कारण भएको उल्लेख गर्नुभयो ।

बिपी स्मृति अस्पतालका संस्थापक अध्यक्षसमेत रहनुभएका डा कोइरालाले बिपी कोइरालाको नाममा खोलिएको यस अस्पताललाई प्रभावकारी रूपमा सञ्चालन गर्न त्यहाँबाट अवकाश पाएका चिकित्सकहरूले विशेष योगदान दिनसक्ने बताउनुभयो ।रासस

# पचास प्रतिशत सहकारीले पनि बुझाउँदैनन् नियमित प्रतिवेदन

काठमाण्डु । काठमाडौँ महानगरपालिका भित्र करिब एक हजार ९०० सहकारी सञ्चालनमा छन् । सञ्चालनमा रहेको सहकारीमध्ये ५० प्रतिशतले पनि नियमित रूपमा प्रतिवेदन बुझाउँदैनन् । नियमित रूपमा प्रतिवेदन नबुझाउने सहकारी बढी हुनु भनेको त्यस्ता सहकारीमा समस्या छन् भन्ने हो ।

कामपा सहकारी विभागका अनुसार आफ्नो कार्यक्षेत्रमा सञ्चालनमा रहेका करिब एक हजार ९०० सहकारीमध्ये नियमित रूपमा ७२३ ले मात्रै वार्षिक प्रतिवेदन बुझाउने गरेका छन् । कामपा सहकारी विभागका प्रमुख धुक्कुमार काफ्लेका अनुसार महानगरले यसअघि पटकपटक नियमित रूपमा वार्षिक प्रतिवेदन बुझाउनक आग्रह गर्दै आएको छ । लामो समयसम्म पनि विभिन्न बहानामा वार्षिक प्रतिवेदन नबुझाए कानुनी प्रक्रियामा जाने कामपाको तयारी छ ।

काफ्लेले भन्नुभयो, "कति सहकारी सम्पर्कमा नै आउँदैन, कति कारबाहीमा परेको हुनाले गर्दैनन् सहकारीले कानुनविपरीत ऋण प्रवाह गरेका सहकारीले पनि नियमित रूपमा प्रतिवेदन नबुझाउने अभ्यास छ । ती सहकारी संस्थालाई तत्काल वार्षिक साधारणसभा सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन साधारणसभाको निर्णय तथा वार्षिक प्रतिवेदन कामपा सहकारी विभागमा बुझाउन यसअघि निर्देशन दिइसकेको छ ।" उहाँका अनुसार लामो समयदेखि साधारणसभा प्रतिवेदन नबुझाएका सहकारीलाई खारेजीको प्रक्रियामा लैजाँदा बचतकर्ताको रकम हिनामिना हुने भएकाले महानगरले पहिले प्रतिवेदन त्यसपछि खारेजी प्रक्रिया अघि बढाउने भएको छ ।




**ब्याजको लोभमा सावा गुम्ला**

कामपाले धेरै ब्याजको लोभमा साँवा गुम्नबाट बच्नका लागि बचतकर्ताका लागि आग्रह गरेको छ । कामपा सहकारी विभागका काफ्लेका अनुसार बचत गरीसकेपछि पछुताउनुभन्दा बचत गर्नुपूर्वनै उक्त सहकारी नियमअनुसार सञ्चालन भएको हो कि छैन, उक्त सहकारीको् लेखा परीक्षण नियमित गरिएको छैकी छैन, ब्याजदर स्वभाविक छ की छैन, संस्थाको वित्तीय पारदर्शिकता कस्तो छ, नियामक निगरानी छ की छैन, जस्ता विषय बुझेर मात्र पैसा बचत गर्नुपर्छ ।

प्रमुख काफ्लेले भन्नुभयो, "मेरोको साथीको सहकारी, आफन्तले सञ्चालन गरेको सहकारी हो मैले सुजबुजबिनै पैसा बचत गर्न भइहाल्छ भन्ने मानसिकताबाट ढाडा रहनुपर्छ अन्यथा बचत डुब्न सक्छ ।" अहिले धेरै सहकारीहरू आफ्ना आफ्ना मिलेर सञ्चालन गर्दा समस्या आएको छ पैसा रहुञ्जेल प्रयोग गर्ने नियमित रूपमा गर्नुपर्ने कानुनी प्रक्रिया नहुँदा समस्या छ ।रासस

# स्वास्थ्यकर्मीलाई न्यूनतम पारिश्रमिक प्रदान गर्न निर्देशन




काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी मेडिकल तथा डेण्टल कलेज र अस्पतालहरूलाई नर्सलगायत स्वास्थ्यकर्मीहरूलाई न्यूनतम पारिश्रमिकलगायत सेवा सुविधाहरु उपलब्ध गराउन निर्देशन दिएको छ ।

मन्त्रालयअन्तर्गत नीति, योजना तथा अनुगमन महाशाखाले (एशोसिएशन आफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन), नेपाल मेडिकल तथा डेण्टल कलेज एशोसिएशनलाई हालै एक पत्र जारी गर्दै सरोकारवाला पक्षहरूसँग गत कात्तिक १५ गते भएको सहमति कार्यान्वयन गर्न आग्रह गरेको हो । उक्त सहमतिअनुसार सेवा सुविधा र न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुपर्ने भए पनि केही संस्थाहरूले कार्यान्वयन नगरेको गुनासो आएपछि मन्त्रालयले यस्तो निर्देशन दिएको जनाएको छ ।

सम्झौताअनुसार निजी मेडिकल कलेजहरूले आफ्नो शिक्षण अस्पतालहरुमा कार्यरत नर्सलगायत स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको कम्तीमा पाँचौँ तहको सुरु तलब स्केल हालको रु ३४ हजार ७३० कात्तिक महिनादेखि नै दिने र अन्य निजी तथा सामुदायिक अस्पतालहरू तथा डेण्टल कलेजहरुले हालको तलब ३४ हजार ७३० को ८०% तलब उपलब्ध गराउनुपर्ने भनिएको थियो ।पत्रमा सहमतिअनुसार पारिश्रमिक नदिइएको पाइएमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ । मन्त्रालयले सम्बन्धित निकायहरूलाई अनुगमन गरी सहमति कार्यान्वयन सुनिश्चित गर्न आग्रह गरेको छ ।रासस

# महिला चेम्बरद्वारा अग्रणी महिला सम्मानित

काठमाण्डु । राजनीति, न्याय, शिक्षा, समाजसेवा, कला, प्रशासन, पर्यटन, खेलकूद लगायतका क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएवापत अग्रज महिलाहरूलाई विशेष सम्मान अर्पण गरिइएको छ ।

नेपाल चेम्बर अफ कमर्सको हीरक जयन्तीका अवसरमा नेपाल महिला चेम्बरद्वारा आयोजित विशेष कार्यक्रममा प्रथम राष्ट्रपति रामवरण यादव, नेपाल महिला चेम्बरका अध्यक्ष उर्मिला श्रेष्ठ, नेपाल चेम्बर अफ कमर्स हीरक जयन्ती समारोह समितिका अध्यक्ष राजेशकाजी श्रेष्ठ र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले संयुक्त रुपमा विभिन्न क्षेत्रहरूमा ऐतिहासिक योगदान पुऱ्याएका महिलाहरूलाई विशेष सम्मान गर्नुभएको हो ।




आयोजक सस्थाद्वारा जारी विज्ञप्तिका अनुसार यसरी सम्मानितहुनेहरूमा प्रथम महिला सभामुख ओनसरी घर्ती मगर, प्रथम महिला मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, स्काउटिङ रामवदन जोशी, लैंगिक अधिकार विज्ञ चाँदनी जोशी, प्रथम महिला इञ्जिनियर शान्ति मल्ल, शिक्षाविद् अगाथा थापा, तत्कालीन प्रवेशिका परीक्षामा ' बोर्ड' प्रथम लुना भट्ट, प्रथम महिला 'कमर्शियल पाइलट' रक्षा राणा, उद्यमी श्यामबदन श्रेष्ठ, पद्मासना शाक्य, शान्ति चय र पर्यटन व्यवसायी श्रृजना राणा हुनुहुन्छ ।

यसैगरी लायन्स क्लव र रोटरी क्षेत्रमा मिलन थापा र जया राज्यलक्ष्मी शाह, पूर्व मुख्यसचिव लिलादेवी गड्तौला, अर्थशास्त्री डा पुष्पा श्रेष्ठ, कला तथा मनोरञ्जनतर्फ उर्मिला उपाध्याय गर्ग, अभिनेत्री भुवन चन्द, पूर्व प्रशासक उषा नेपाल, प्रहरी अधिकृत बिमला थापा शर्मा, पूर्व सचिव बिन्द्रा हाडा, उद्यमी भवानी राणा, नेपाल राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर नीलम ढुंगाना तिम्सिना, रानु देवी अधिकारी, सानुनानी कंसाकारलाई सम्मान समर्पण गरिएको थियो ।

सोही अवसरमा रत्नेश्वरी श्रेष्ठ , ओलम्पियन संगिना वैद्य, दृष्टिविहीन शिक्षिका सीता ज्ञवाली, चेपाङ समुदायकी मनजू प्रजा, सामाजिक अभियन्ता अञ्जली देवी मास्के, प्रथम मिस नेपाल रुबी राणा शाह, चालक मच्छरीदेवी चित्रकार, टेम्पो चालक लक्ष्मी शर्मा, कलाकार स्नेहा श्रेष्ठ (इम्याजिन), बडिबिल्डर निर्मला महर्जन, कलाकार मनीषा कोइराला, पौराणिक व्यक्तित्व सीता (जानकी) र वैदिक दार्शनिक गर्गीलाई पनि विशेष रूपमा उक्त सम्मान समर्पण गरिएको थियो । कार्यक्रममा प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारी एवं प्रथम महिला प्रधानमन्त्री एवं प्रथम महिला प्रधानन्यायाधीश सुशीला कार्कीको अतुलनीय योगदानको स्मरण सहित सम्मान अर्पण गरिएको विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै प्रथम महिला शासक नायब राजेन्द्र लक्ष्मी शाह, कान्तिराज्य लक्ष्मी देवी, योगमाया न्यौपाने, साहित्यकार बिष्णुकुमारी बाईवा 'पारिजात', राजीतिज्ञ शैलजा आचार्य,साधना प्रधान अधिकारी,सहाना प्रधान, मिडियाकर्मी कृष्णा ताम्राकार, गायिका सनुमाया गुरुङ, अधिवक्ता सुशीला सिंह, राजनीतिज्ञ इन्दिरा श्रेष्ठ, समाजसेवी अमृता कठायत,राजनीतिज्ञ द्वारिकादेवी ठकुरानी, चन्द्रकला किरण महत, लोकसेवा आयोग सदस्य उमा पाण्डे, राजदूत बिन्देश्वरी शाह, संसद उपाध्यक्ष कमल राणा, शिक्षाविद् अंगुरबाबा जोशी र पर्यटन उद्यमी अम्बिका श्रेष्ठ, शिक्षाविद् चन्द्रकान्ता देवी मल्ल, सगरमाथा आरोही पासाङ ल्हामु शेर्पा, व्यावसायिक प्रशिक्षक सुनिता मलेकु, सेयर बजारकी सुचित्रा खनाल, चालक रामदेवी श्रेष्ठको योगदानको स्मरण गर्दै मरणोपरान्त सम्मान समर्पण गरिएको थियो । स्वर्गीय व्यक्तित्वहरूका परिवारजनमार्फत सम्मान अर्पण गरिएको विज्ञप्तिमा जनाइएको छ ।

**महिला चेम्बरकी अध्यक्ष श्रेष्ठ सम्मानित**

सोही अवसरमा नेपाल महिला चेम्बर सम्बद्ध रही हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनबाट सांसद बन्न सफल हुनु हुने लीमा अधिकारी, बसुमाया तामाङ, नीतिमा कार्की भण्डारी र इन्दिरा राना मगरलाई पनि सम्मान गरिएको थियो । साथै कार्यक्रममा नेपाल महिला चेम्बरकी अध्यक्ष उर्मिला श्रेष्ठलाई समेत सम्मान गरिएको थियो । सो अवसरमा प्रथम राष्ट्रपति यादवले विभिन्न क्षेत्रका अग्रणी तथा पथप्रदर्शक महिलाहरुलाई सम्मान गर्न पाउँदा आफूलाई गौरव अनुभूति भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आज सम्मानित व्यक्तित्वहरुबाट सिंगो समाज र नयाँ पुस्तालाई हौसला प्रदान हुँदै आएको छ । "

नेपाल चेम्बर अफ कमर्स हीरक जयन्ती समारोह समितिका अध्यक्ष श्रेष्ठले २००७ सालमा स्थापना भएको सस्थाको हीरक जयन्तीका अवसरमा नेपाल महिला चेम्बरले अग्रणी महिला सम्मान कार्यक्रम मार्फत समाजलाई सम्मानित महिलाहरूको जस्तै ओज हासिल गरेको बताउनुभयो । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष अग्रवालले नेपाल चेम्बर अफ कमर्सको इतिहास गर्विलो रहेको उल्लेख गर्दै यसको प्रतिष्ठा र गरिमालाई यस्ता कार्यक्रमले अझ उचो पारेको छ भन्नुभयो ।

नेपाल महिला चेम्बरकी अध्यक्ष श्रेष्ठले देशका अग्रणी महिलाहरुको योगदानको कदर स्वरुप सम्मान कार्यक्रम आयोजना गरिएको जनाउनुहुँदै महिला चेम्बरले महिला सशक्तिकरण, उद्यमशीलता विकास जस्ता विषयलाई जोड दिँदै आएको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो "यस्ता सम्मान कार्यक्रमले महिलाहरूको योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थप उजागर गर्न सहयोग गर्ने छ । " कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले धन्यवाद ज्ञापन गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।रासस

# कांग्रेस महाधिवेशनका लागि केन्द्रीय प्रतिनिधिहरूलाई अभिमुखीकरण

पाटन । नेपाली कांग्रेसले पार्टीको १५औँ महाधिवेशनका लागि निर्वाचन क्षेत्रमा खटिने केन्द्रीय प्रतिनिधिहरूलाई अभिमुखीकरण गरी महाधिवेशनको औपचारिक तयारीको सुरुआत गरेको छ ।कांग्रेसले ७७ वटै जिल्लामा सदस्यता अभियान र साङ्गठनिक सुदृढीकरणका लागि खटिएर जाने प्रतिनिधिहरूलाई अभिमुखीकरण गर्दै आजदेखि महाधिवेशनको प्रक्रिया अगाडि बढाएको हो ।



पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित अभिमुखीकरणपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै महामन्त्री प्रदीप पौडेलले जिल्लामा खटिएका प्रतिनिधिहरूले वैशाख महिनाभर कार्यक्षेत्रमा खटेर सदस्यता वितरण, अद्यावधिक र साङ्गठनिक अवस्थाको प्रतिवेदन तयार पार्ने बताउनुभएको हो । "कांग्रेसको सङ्गठन सुदृढीकरण र सामाजिक अभियानमा जोडिनका लागि 'जरा अभियान' सञ्चालन गर्दिँ छ ।

पुराना क्रियाशील सदस्यहरूले वैशाख महिनाभित्र वडावडामा गएर अनिवार्य रूपमा सदस्यता अद्यावधिक गर्नुपर्नेछ । पार्टीले यसपटक सबै सदस्यलाई कांग्रेस 'आइडी' प्रदान गर्नेछ र यो परिचयपत्र नभएका व्यक्तिहरूले १५औँ महाधिवेशनमा भाग लिन पाउने छैनन्", उहाँले भन्नुभयो ।

महामन्त्री पौडेलका अनुसार पार्टीको केन्द्रीय सभापतिको नेतृत्वमा राष्ट्रियस्तरमा बुद्धिजीवी र पेसाकर्मीहरूसँग संवाद हुनेछ भने जिल्ला तहमा स्थानीय समीक्षा कार्यक्रम सञ्चालन गरिनेछ । उहाँले भन्नुभयो, "नयाँ सदस्यका लागि डिजिटल माध्यमबाट सदस्यता दिने व्यवस्था मिलाइएको छ । जरा अभियानअन्तर्गत महाधिवेशनको तयारी, साङ्गठनिक सुदृढीकरण, गएको चुनावको समीक्षा र पार्टीलाई सामाजिक गतिविधिमा जोड्ने गरी चार मुख्य विषय समेटिएका छन् । प्रतिनिधिहरूलाई आवश्यक निर्देशिका, कार्यविधि र फारामसहित जिल्ला पठाइसकिएको छ, वैशाखभर सदस्यता अद्यावधिकको काम अगाडि बढ्ने छ ।"

महामन्त्री पौडेलले पार्टीले तय गरेको पूर्वनिर्धारित कार्यतालिकाअनुसार अभिमुखीकरण सम्पन्न भएको जानकारी दिनुभयो ।रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ७ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८२/१२/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८ (आठौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : कामेश्वर यादव**<br>बाबुको नाम : पशुपति यादव, बाजेको नाम : राम देव रान<br>ठेगाना : जनकनन्दिनी - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७६-०८६०६, जि.प्र.का. धनुषा, जारी मिति : २०७६/०५/२७<br>**शाखा कार्यालय : जनकपुर** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : कामेश्वर यादव**<br>बाबुको नाम : पशुपति यादव<br>बाजेको नाम : राम देव रान<br>ठेगाना : जनकनन्दिनी - ६, धनुषा<br>ना.प्र.प.नं. : १७-०१-७६-०८६०६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०७६/०५/२७ | **२. नाम : राम दुलारी कुमारी यादव**<br>पतिको नाम : पशुपति यादव<br>ससुराको नाम : राम देव रान<br>ठेगाना : बल्हाकठाल - ५, धनुषा<br>हाल : जनकनन्दिनी - ६, धनुषा<br>ना.प्र.प.नं. : ०६२१४१६६<br>जि.प्र.का. धनुषा<br>जारी मिति : २०४५/०२/०६ |
| | **३. नाम : पशुपति यादव**<br>बाबुको नाम : राम देव रान, बाजेको नाम : मखन रान<br>ठेगाना : बल्हाकठाल - ५, धनुषा, हाल : जनकनन्दिनी - ६, धनुषा<br>ना.प्र.प.नं. : ०६२१४०७७, जि.प्र.का. धनुषा, जारी मिति : २०४५/०२/०४ | |
| | **धितोको विवरण** | |
| | पशुपति यादवको नाममा मालपोत कार्यालय जनकपुर धनुषामा दर्ता बेंगा शिवपुर - ७ ख, धनुषा, हाल जनकपुर - १९, धनुषा स्थित कित्ता नं. २२०५ को क्षेत्रफल ०-०-७-५ (विगाहा) को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन ।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन ।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ । साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८२ चैत्र २९ गते आइतबार १२:०० बजे सम्म**
**बोलपत्र खोलिने मिति र समय : २०८२ चैत्र २९ गते आइतबार ३:०० बजे**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,
फ्याक्स नं. ०१-४५१३५२६

# ‘इरान अझै पनि ट्रम्पका निम्ति ठूलै टाउको दुखाइ’

बीबीसी

काठमाण्डु । चार दिन अगाडिमात्र अमेरिकी रक्षामन्त्री पिट हेग्सेथले इरानमाथि अमेरिकाले हवाई श्रेष्ठता हासिल गरिसकेको भन्दै अब अमेरिकाका विस्तारै उड्ने ठूल्ठूला बी फिफ्टीटु (बी ५२) बमवर्षक त्यहाँ विना खतरा उड्न सक्ने दाबी गरेका थिए।

ती बमवर्षक विमानका उडान सुरु हुनमात्र के लागेका थिए इरानले अमेरिकासँगको हालसम्मकै ठूलो विजय प्राप्त गऱ्यो - उसको भूभागभित्र अमेरिकी लडाकु विमान खसालेर । खसालिएको विमान कुनै ठूलो बमवर्षक नभइ छरितो र द्रुत उडान भर्न सक्ने लडाकु विमान थियो।सो एफ फिफ्टिन (एफ १५) विमानका चालकदलका एक सदस्यको उद्धार गरियो भने अर्का एकजना अझै हराइरहेका छन्। यदि उनलाई इरानले बन्दी बनाइदियो भने अमेरिकाको निम्ति परिस्थिति बदलिने छ।



ती व्यक्तिलाई सम्भवतः इरानले टेलिभिजनमार्फत् सबैका सामु प्रदर्शन गरिदिने छ। त्यस्तो दृश्यले अमेरिकी जनतामाझ जारी इरान युद्धबारे दृष्टिकोण झन् कठोर बन्न सक्छ। अहिले नै इन्धनको मूल्यवृद्धि तथा १३ जना अमेरिकी सैनिकको मृत्यु जस्ता घटनाले अमेरिकी जनता पीडित भइसकेका छन्। साथै राष्ट्रपति डोनल्ड ट्रम्पले अमेरिकाभित्र अनि संसारभरि जारी युद्ध किन सुरु भयो भनेर स्पष्ट तर्क दिन नसकेको र सत्ता पलट गर्ने घोषित लक्ष्य पनि प्राप्त नभएको अवस्था छाविमान खसालिएका कारण उत्पन्न अवस्थाले तेहरानसँगको वार्ता प्रभावित नहुने ट्रम्पले बताएका छन्।

तर यदि उक्त विमानका चालकदलका हराइरहेका सदस्य समातिए भने परिस्थिति चाँडै नै परिवर्तन हुन सक्छ। र, त्यसले सैन्य अवस्था जतिसुकै ध्वस्त पारिएको भएतापनि इरानले अझै पनि यस युद्धमा ट्रम्पका निम्ति ठूला सैन्य तथा राजनीतिक टाउको दुखाइ गराइदिन सक्छ भन्ने देखाउँछ। बीबीसीकी प्रमुख अन्तर्राष्ट्रिय संवाददाता लिज डुसेट अहिलेको समयलाई जोखिमपूर्ण भन्छिन्।यस्ता परिस्थितिका निम्ति वर्षौंदेखि प्रशिक्षण गरिएको भएतापनि हराइरहेका सैन्य सदस्यलाई उद्धार गर्ने अमेरिकी कारबाही जोखिमपूर्ण हुने उनले बताइन्।

अनि यसका राजनीतिक जोखिम पनि उत्तिकै रहेको उनले औंल्याइन्।यदि इरानले ती व्यक्तिलाई समात्यो र टेलिभिजनमा प्रदर्शन गऱ्यो भने तेहरानका निम्ति त्यो ठूलै प्रोपागान्डा विजय हुने जबकी अमेरिकाको निम्ति चाहिँ राजनीतिक लज्जा र चिन्ताको विषय हुने उनले भनिन्।“अनि तेहरानका निम्ति यसले एक युद्धबन्दी उपलब्ध गराउने छ - युद्ध रोक्ने प्रयासहरू अवरुद्ध भइरहेको समयमा यसले तेहरानको हात बलियो बनाउने महत्त्वपूर्ण औजार उसलाई प्राप्त हुन्छ।“

त्यस्तो भएमा अमेरिकाले लिने बदला इरान, सम्पूर्ण क्षेत्र अनि आर्थिक धक्का बेहोरिरहेको बाँकी विश्वका निम्ति खतरापूर्ण हुने छायुद्धको पाँच सातामा अमेरिका र इजरेलले इरानको सैन्य क्षमतामा गम्भीर क्षति पुऱ्याएका छन्।तर अमेरिकी रक्षामन्त्री पिट हेग्सेथले सम्पूर्ण हवाई श्रेष्ठताबारे बारम्बार गर्दै आएका दाबीलाई भने यसले उल्ट्याइदिएको उनले बताएकी छन्। इरानका विदेशमन्त्री अब्बास अराग्चीले रेडियोविकिरण चुहिए खाडीमा जीवन समाप्त हुने चेतावनी दिएका छन्।

इरानको बुशेहर परमाणु ऊर्जा केन्द्र नजिकै भएका भनिएका हमलाहरूबारे उनले टिप्पणी गरेका हुन्।सामाजिक सञ्जालमा लेख्दै उनले भनेका छन्ः “युक्रेनको जापोरिज्या परमाणु ऊर्जा केन्द्रनजिक सङ्घर्ष हुँदा पश्चिमा जगतले प्रकट गरेको आक्रोश सम्झनु हुन्छ? इजरेल-अमेरिकाले हाम्रो बुशेहर केन्द्रमा चौथो पटक बमबारी गरेका छन्।““त्यहाँबाट रेडियोएक्टिभ फलआउट भयो भने जीसीसी ृगल्फ कोअपरेशन काउन्सिलेका राजधानीहरू न कि तेहरानमा जीवन नष्ट हुनेछ। हाम्रा पेट्रोकेमिकल्समा भएका आक्रमणले पनि स्पष्ट उद्देश्य दर्शाउँछन्।“

जीसीसी समूहमा बाहरेन, कुवेत, ओमान, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स (यूएई) देशहरू पर्छन्। अमेरिका र इजरेलले सो हमलामा आफ्नो जिम्मेवारीबारे अझै पुष्टि गरेका छैनन्।परमाणु मामिलाको अन्तर्राष्ट्रिय निगरानी निकाय अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए)ले बुशेहर परमाणु ऊर्जा केन्द्रमा भएका हमलाबारे आफूलाई जानकारी दिइएको भन्दै ’गम्भीर चिन्ता’ प्रकट गरेको छाहाल रेडियोविकिरणको स्तर बढेको नदेखिएको उसले जनाएको छापरमाणु ऊर्जा केन्द्र र छेउछाउका भूभागमा ’कदापि आक्रमण गर्न नहुने’ भन्दै उसले परमाणु दुर्घटना हुन नदिन अधिकतम सैन्य सावधानी अपनाउन आह्वान गरेको छ।

# अफगानिस्तानमा ५.८ म्याग्निच्युडको भूकम्पः ८ जनाको मृत्यु, धेरै घाइते

सिन्हवा

काबुल । अफगानिस्तानमा शुक्रबार साँझ ५.८ म्याग्निच्युडको भूकम्प गएको छ । अफगानिस्तान राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ता मोहम्मद युसुफ हम्मादका अनुसार यस भूकम्पमा कम्तीमा आठ जनाको मृत्यु भएको छ ।

भूकम्पको झड्का काबुल प्रान्तमा पनि महसुस गरिएको थियो । यहाँ एक घर पूर्ण रूपमा भत्किएको थियो, जसमा आठ



बासिन्दा मृत्यु भएका थिए भने एक बच्चा घाइते भएको थियो । कम्पनको तीव्रता शहरमा पनि महसुस गरिएकोले स्थानीय बासिन्दा ठूलो डरमा परेका थिए ।

भूकम्पको केन्द्रबिन्दु १८६.४ किलोमिटर गहिराइमा रहेको पाइएको छ । प्रारम्भिक तथ्याङ्क अनुसार एपिसेण्टर ३६.५५ डिग्री उत्तर अक्षांश र ७०.८५ डिग्री पूर्व देशान्तरमा रहेको थियो । गहिरो केन्द्रबिन्दुका कारण सतहमा व्यापक क्षति सीमित रहन सक्छ भन्ने अनुमान गरिएको भए पनि घर भत्किनु र मानिसहरूको मृत्यु हुनुले घटनाको गम्भीरता देखाउँछ ।

यो भूकम्पले स्थानीय बासिन्दाको जीवनमा ठूलो असर पुऱ्याएको छ । प्रभावित क्षेत्रमा राहत र उद्धार कार्य तत्काल सुरु गरिएको छ । स्थानिय अधिकारीहरूले भूकम्पपीडितलाई सुरक्षित स्थानमा सार्ने र घाइतेलाई उपचारको व्यवस्था गर्ने कामलाई प्राथमिकता दिइरहेका छन् ।विशेषगरी काबुल र उत्तरी प्रान्तहरूमा भूकम्पको प्रभाव अझ बढी देखिएकोले थप सुरक्षा र सावधानी अपनाउन स्थानीय प्रशासनले जनतालाई सचेत गराएको छ ।

# ‘आर्टिमिस २’का अन्तरिक्षयात्रीहरू चन्द्रमाको आधा बाटो पुगे


बीबीसी

काठमाण्डु । ’आर्टिमिस २’का अन्तरिक्षयात्रीहरूले चन्द्रमाको आधा बाटो पुगेपछि खिचेको पृथ्वीको ’शानदार’ उच्च गुणस्तरको तस्बिरलाई नासाले सार्वजनिक गरेको छ।

पृथ्वीको सबभन्दा नजिकको खगोलिय छिमेकीतर्फको मार्गमा पुगेपछि उक्त अन्तरिक्ष अभियानका कमान्डर रिड वाइजमनले सो फोटो खिचेको नासाले बताएको छ। शनिवार नेपाली समयानुसार करिब पौने बाह्रतिर नासाको ड्यासबोर्डमा उक्त ओरिअन अन्तरिक्षयान पृथ्वीबाट २,२८,५०० किलोमिटर पर पुगेको अनि चन्द्रमाबाट चाहिँ करिब २,१२,४०० किलोमिटरको दूरीमा रहेको देखिन्थ्यो ।

अन्तरिक्षयात्री क्रिस्टिना कोखले पृथ्वीबाट गएको २ दिन, ५ घण्टा र २४ मिनेटपश्चात् आधा बाटो पुगेको जानकारी पाएपछि यानमा सवार सबैले ’खुसी’ अभिव्यक्त गरेको बताइन्।

’हेलो, वर्ल्ड’ नाम दिइएको पहिलो फोटोमा विशाल नीलो भाग देखिन्छ जुन आन्ध्र महासागर हो ।



त्यसमा पृथ्वीले सूर्यलाई छेकिदिँदा वायुमण्डलको तेज र दुई ध्रुवतिर हरिया अरोरा देखिन्छन्। सो फोटोमा पृथ्वी उल्टो जस्तो देखिन्छ जसमा पश्चिम सहारा र आइबेरियन प्रायद्वीप बायाँपट्टि देखिन्छ भने दक्षिण अमेरिकाको पूर्वी भाग दायाँपट्टि देखिन्छ।दायाँपट्टि तलतिर देखिने चम्किलो ग्रह बुध भएको नासाले पहिचान गरेको छ। अन्तरिक्षयात्रीहरूले शुक्रवार ’ट्रान्स-लुनार इन्जेक्सन बर्न’ प्रक्रिया सफलतापूर्वक गरेपश्चात् फोटोहरू खिचिएका हुन्। उक्त प्रक्रियाले ओरिअन अन्तरिक्षयानलाई पृथ्वीको कक्षबाट हुत्याएर त्यसमा सवार चारजना अन्तरिक्षयात्रीहरूलाई चन्द्रमा तर्फ डोऱ्याएको छ।

अब ’आर्टिमिस २’ले यात्रीहरूलाई चन्द्रमाको टाढाको भागमा पुऱ्याउनेछ र फेरि फिर्ता ल्याउनेछ। यो अभियानअन्तर्गत सन् १९७२ पछि पहिलोपटक मानिसले पृथ्वीको कक्षभन्दा पर यात्रा गर्न लागेका छन्।उक्त अन्तरिक्षयान अमेरिकाको फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको हो। अन्तरिक्षयात्रीहरू एप्रिल ६ को दिन चन्द्रमाको टाढाको भाग भएर गुज्रने छन् अनि एप्रिल १० मा प्रशान्त महासागरमा अवतरण गर्ने छन्। ह्युस्टनस्थित मिसन कन्ट्रोलसँग कुरा गर्दै अन्तरिक्ष यात्री तथा विज्ञ जेरेमी ह्यानसनले ’बर्न’ प्रक्रिया सम्पन्न गरेपश्चात् यात्रीहरूले यानको झ्यालबाट हेरिरहेको अनि फोटोहरू खिचेको बताए।“हामीले चन्द्रमाले परावर्तित गरेको प्रकाशबाट उज्यालो देखिएको पृथ्वीको अँध्यारो भागका सुन्दर तस्बिर पाइरहेका छौं,“ उनले भनेका थिए।

पछि वाइजमनले ह्युस्टनस्थित मिसन कन्ट्रोलमा सम्पर्क गरेर यानको झ्याल कसरी सफा गर्ने भनेर सोधेका थिए। अन्तरिक्षको दृश्य हेर्ने उत्साहमा झ्यालमा झुम्मिएका कारण त्यो अलि फोहर भएको थियो।कमान्डर वाइजमनलाई सुरुमा अन्तरिक्षयानबाट हाम्रो ग्रहको फोटो खिच्न कठिन भएको थियो किनभने त्यति धेरै टाढाको वस्तुको फोटो खिच्दा एक्सपोजर सेटिङ् मिलाउन गाह्रो हुन्छ।“यो त तपाईंले आफ्नो घरबाट बाहिर निस्किएर चन्द्रमाको फोटो खिच्न खोजेजस्तै हो,“ उनले मिसन कन्ट्रोललाई भनेका थिए। “अहिले यस्तै अनुभव भइरहेको छ।“तर पछि उक्त समस्या बाँकी रहेन।

वाइजमनले खिचेको अर्को फोटोमा पृथ्वी रात र दिनमा विभाजित देखिन्छ। प्रकाश र अन्धकारबीचको सिमानालाई टर्मिनेटर भनिन्छ। पछि नासाले अर्को फोटो सार्वजनिक गऱ्यो जसमा पृथ्वी लगभग पूर्ण अन्धकारमा देखिन्छ, - केवल मानिसले प्रयोग गरेका बिजुली बत्तीका कारण केही चम्किएको जस्तो।साथै उसले सन् १९७२ मा अपोलो १७ अभियानका टोलीले खिचेको र अहिले सन् २०२६ मा खिचिएको पृथ्वीको फोटो सँगसँगै राखेर तुलना गरेको छ।“यो ५४ वर्षको अन्तरालमा हामीले लामो यात्रा गरेका छौं तर एउटा चीज चाहिँ बदलिएको छैनः अन्तरिक्षबाट हेर्दा हाम्रो घर सुन्दर देखिन्छ!“ उसले भनेको छ।

# युक्रेनमा भएको रूसी आक्रमणमा पाँच जनाको मृत्यु, १९घाइते



एएफपी

युक्रेन । युक्रेनी शहर निकोपोलको बजारमा शनिबार भएको रूसी ड्रोन आक्रमण परी पाँच जनाको मृत्यु हुनुका साथै १९ जना घाइते भएको अधिकारीहरूले बताएका छन् ।क्षेत्रीय गभर्नर ओलेक्सान्डर गन्जाले टेलिग्राम पोस्ट मार्फत आक्रमणमा तीन महिला र दुई पुरुष गरी पाँच जनाको मृत्यु भएको बताउनु भएको छ ।

उहाँले घाइते भएका १९ जना मध्ये एक १४ वर्षीया बालिकाको अवस्था “गम्भीर“ रहेको जनाउनु भएको छ । उत्तरपूर्वी सहर खार्किवमा शनिबार भएको घटनाको क्षेत्रीय प्रहरीलेसमेत पुष्टि गरेको छ ।युक्रेनी वायु सेनाले रूसले रातारात २८६ वटा ड्रोन प्रहार गरेको र तीमध्ये २६० वटा रोक्न सफल भएको बताएको छ ।उत्तरी सुमी क्षेत्रमा भएको आक्रमणमा ११ जना घाइते भएको प्रहरीले जनाएको छ ।युक्रेनी आपतकालीन सेवाले जारी गरेको तस्बिरमा आक्रमणको कारण आगलागी भएको भवन देखाएको थियो ।

रूस र युक्रेनको सिमानामा रहेको दक्षिणी रोस्तोभ क्षेत्रमा भएको क्षेप्यास्त्र र ड्रोन आक्रमणमा एक जनाको मृत्यु हुनुका साथै चार जना गम्भीर घाइते भएको क्षेत्रीय गभर्नर युरी स्लुसारले बताउनु भएको छ ।युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनसँग वार्ताका लागि शनिबार अन्कारा पुगेको जनाइएको छ । यस अघि संयुक्त राज्य अमेरिकाको मध्यस्थतामा दुई पक्षहरू बिचको वार्ता मध्यपूर्वमा भएको युद्धको कारण अवरुद्ध भएको थियो ।गत हप्ता जेलेन्स्कीले धेरै मध्य पूर्वी देशहरूको भ्रमण गरी कतार र साउदी अरबसँग रक्षा सम्झौताहरूमा हस्ताक्षर गर्नु भएको छ ।

# इरानद्वारा प्रतिबन्धित विपक्षी समूहका दुई सदस्यलाई फाँसीको सजाय : न्यायपालिका



एपी

तेहरान । इरानले शनिबार प्रतिबन्धित विपक्षी समूहमा सदस्यता र इस्लामिक गणराज्यलाई ढाल्ने लक्ष्य राखेका कार्यमा संलग्न रहेको आरोपमा दुई व्यक्तिलाई फाँसीको सजाय दिएको न्यायपालिकाले जनाएको छ ।

फाँसी पाएकोमा अबोलहसन मोंटाजेर र वहिद बानियामेरियन रहेका छन् । न्यायपालिकाको वेबसाइट मिजान अनलाइनका अनुसार दुवैलाई अदालतको निर्णयपछि फाँसी दिइएको हो र सर्वोच्च अदालतले सजायलाई अनुमोदन गरेको थियो । उहाँहरूलाई ‘धेरै आतङ्ककारी कार्यमार्फत विद्रोह गर्ने प्रयास’ मा दोषी ठहर गरिएको थियो । साथै, उहाँहरू प्रतिबन्धित समूह ‘पिपुल्स मुजाहिदिन अफ इरान’ का सदस्य थिए र इस्लामिक गणराज्यलाई ढाल्ने विभिन्न विध्वंसकारी कार्यमा संलग्न रहेको पाइएको थियो ।

यो फाँसीको घटना यसअघि यसै हप्तामा समूहका अन्य चार सदस्यलाई फाँसी दिइएको घटनासँग जोडिएको छ । समूहले प्रारम्भमा सन् १९७९ को इस्लामिक क्रान्तिको समर्थन गरेको थियो, तर १९८० को दशकमा नेतृत्वसँग टाढा परेको थियो । त्यसपछि तेहरानले यसलाई आतङ्ककारी समूहको रूपमा घोषणा गरेको छ ।

इरान विश्वमा चीनपछि सबैभन्दा धेरै फाँसी दिने देशको रूपमा मानिन्छ । यस वर्ष सुरु भएको युद्धपछि पनि विभिन्न व्यक्तिहरूलाई फाँसी दिइएको छ । यसै चैतमा प्रहरी अधिकृतको हत्या गरेको आरोपमा तीन जनालाई फाँसी दिइएको थियो । साथै, इजरायलका लागि जासूसी गरेको आरोपमा इरान-स्वीडेन दुवै नागरिक कुरुष केवानीलाई पनि चैतमा फाँसी दिइएको थियो, जसले स्वीडेन र युरोपेली संघको कडा आलोचना सामना गर्नुपरेको थियो ।

इरान-अमेरिका-इजरायल युद्धको पृष्ठभूमिमा यी घटनाहरू भएका हुन् ।

# इरानी आक्रमणमा खसेको अमेरिकी लडाकु विमानका चालकदलका सदस्यको खोजी हुँदै

बीबीसी

काठमाण्डु।अमेरिकीसैनिकहरूले इरानी आक्रमणमा खसालिएको युद्धक विमानमा सवार एक जना चालकदलका सदस्यको खोजी जारी राखेका छन्।

इरानका दुई फरक स्थानमा खसालिएका अमेरिकी युद्धक विमानका चालकदलका सदस्यहरूमध्ये एक जनाको उद्धार गरिएको र अर्को एक विमानका पाइलट विमानबाट सुरक्षा उपकरण प्रयोग गरी बाहिरिएको बताइएको छ।अमेरिकी सञ्चारमाध्यमले अमेरिकी र इरानी दुवै पक्षका फौजले हराइरहेका चालक दलका सदस्यको खोजी गरिरहेको जनाएका छन्। दक्षिणी इरानमा खसालिएको अमेरिकी एफ-१५ लडाकु विमानमा सवार अस्त्र प्रणाली अधिकारी हराइरहेको बीबीसीको अमेरिकी साझेदार सीबीएसले जनाएको छ। विमानका पाइलटको उद्धार गरिएको र अस्त्र अधिकारी हराइरहेको पेन्टागनका अधिकारीहरूलाई उद्धृत गर्दै सीबीएसले जनाएको छ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले उद्धार प्रयासहरूबारे कुरा गर्न अस्वीकार गरेका छन्। तर त्यसले इरानसँगको वार्तामा कुनै असर नगर्ने उनले बताएका छन्। तेहरानले पनि स्थानीय बासिन्दाहरूलाई अमेरिकी लडाकु विमानका चालकदलका सदस्यको खोजी गर्न आग्रह गरेको छ। इरानले ती व्यक्तिलाई फेला पारेर ल्याउने व्यक्तिलाई पुरस्कार दिने घोषणा गरेको छ।अमेरिकी फौजका ती व्यक्तिलाई जीवित भेट्टाउने व्यक्तिलाई ६६ हजार अमेरिकी डलर (झन्डै एक करोड नेपाली रुपैयाँ) पुरस्कार घोषणा गरिएको चर्चा गरिएका छन्।

ती व्यक्तिको खोजीमा हतियार बोकेका गैरसैनिक मानिसहरू पनि परिचालन भएका भिडिओहरू सामाजिक सञ्जालमा फैलिएका छन्। अमेरिकी संसद् कङ्ग्रेसको एक गोप्य बैठकमा पेन्टागनले एउटा एफ-१५ लडाकु विमान दक्षिण पश्चिम इरानमा खसालिएको बताएको जनाइएको छ।इरानी सञ्चारमाध्यमहरूले पर्सिअन गल्फमा अमेरिकाको अर्को ए-१० वारथग विमानमा इरानको हवाई प्रतिरक्षा प्रणालीले प्रहार गरेको जनाएका छन्। उक्त विमानका चालक विमानबाट



अलग भएको बताइएको छ।

इरानी सञ्चारमाध्यमहरूले दुई जना चालकदलका सदस्यहरू विमानबाट अलग भएको र देशको दक्षिणी क्षेत्रमा उत्रिएको हुनसक्ने बताएका छन्।अमेरिकी सञ्चार मध्यमहरूले पहिलो विमान खसालिएपछि विमान उद्धार र खोजीका क्रममा खटिएको ए-१० सैन्य खसालिएको जनाएका छन्।इरानी सरकारी सञ्चारमाध्यमले खसालिएको विमानको पार्टपुर्जा अनि उछिट्टिएको एउटा सिटजस्तो देखिने तस्बिर र भिडिओ प्रकाशित गरेका छन्। इरानमा अमेरिका र इजरेलको युद्ध सुरु भएयता विपक्षीको आक्रमणबाट अमेरिकी जेट खसेको यो पहिलो घटना भएको बताइएको छ । विपक्षीबाट अमेरिकी लडाकु विमान खसालिएका घटना कैयौं दशकमा एकाध मात्रै भएका छन्।मार्चको सुरुमा आफ्नै तर्फबाट भएको जस्तो देखिएको प्रहारमा कुवेतमा एउटा अमेरिकी एफ-१५ लडाकु विमान खसेको थियो। त्यसमा सवार सबै छ जना चालकदलका सदस्य सुरक्षित रूपमा विमानबाट बाहिरिर बाँचेका थिए।अमेरिकी सेन्ट्रल कमान्डका अनुसार मार्च १२ मा पश्चिमी इराकमा अमेरिकाको इन्धन भर्ने एउटा विमान अर्को विमानसँग ठोक्किएर दुर्घटना हुँदा त्यसमा सवार छ जनाको ज्यान गएको थियो।

अमेरिकी लडाकु विमान यसअघि सन्२००३ मा मात्रै विपक्षीबाट खसालिएको थियो। सन् २००३को एप्रिल ७ मा एफ-१५ई स्ट्राइक इगल इराकमा खसालिँदा त्यसका पाइलट र अस्त्र प्रणाली अधिकारी मारिएका थिए। त्यसको भोलीपल्ट एप्रिल ८ मा बगदादमा जमिनबाट प्रहार गरिने क्षेप्यास्त्र प्रहारबाट अमेरिकी ए-१० थन्डरबोल्ट २ विमान खसालिएको ठानिएको अमेरिकी वायुसेनाले जनाएको थियो ।

# फोहरबाट मोहरः व्यासले कमायो १७ लाख



तनहुँ । व्यास नगरपालिकाले फोहर बिक्रीबाट आठ महिनाको अवधिमा रु १७ लाख १३ हजार आम्दानी गरेको छ । चालु आर्थिक वर्ष २०८३/८३ को साउनदेखि फागुनसम्मको अवधिमा उक्त आम्दानी भएको हो । नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तुको वर्गीकरण गरी गत वर्षदेखि बिक्री गरी आम्दानी गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, “सङ्कलन गरी बिक्री गर्न थालेपछि फोहर नगरपालिकाको आम्दानीको स्रोत बनेको छ ।”

व्यास नगरपालिकाले दैनिक १५ टन नकुहिने र सात टन कुहिने फोहर सङ्कलन गर्दै आएको छ । कुहिने फोहरलाई व्यास-१० भतेरीस्थित गौः संरक्षण केन्द्रमा व्यवस्थापन गरिएको छ । पहिलो चरणमा नकुहिने फोहरलाई मोहरमा बदल्ने लक्ष्यका साथ बिक्री गर्न थालिएको प्रशासकीय अधिकृत लम्सालले बताउनुभयो । नगरपालिकाले प्लास्टिक, कपडा, फलाम र सिसाजन्य वस्तु बिक्रीका लागि बोलपत्र आह्वान गरी बिक्री गर्न थालेको हो ।प्रमुख प्रशासकीय अधिकृत लम्सालले भन्नुभयो, “नगरपालिका परिसरमा ‘बेलिङ’ मेसिन जडान गरी नकुहिने फोहर भण्डारण गर्ने व्यवस्था मिलाएका छौं ।’

कार्यालयका अनुसार अल्मुनियम प्रतिकिलो रु ६०, फलाम रु ३५, टिन रु २५, बोतल रु २३, कपडा पाँच रुपैयाँ ५० पैसा, कपी रु १६ तथा किताब प्रतिकिलो रु १४ का दरले बिक्री गरिँदै आएको छ ।

यसअघि उक्त फोहर व्यास-३ मादी नदी किनारमा व्यवस्थापन गरिँदैआएको थियो । उक्त सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गर्न लागिएको नगरपालिकाले जनाएको छ ।नकुहिने फोहर दिगो व्यवस्थापन गर्न जग्गा खरिद प्रक्रिया अगाडि बढाइएको व्यासका नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताउनुभयो ।रासस

# पीडादेखि समाज परिवर्तनको अभियानसम्म, ‘बिर्सिएका नानीहरू’

हेटौँडा । जन्मिँदा त कृष्णजस्तै सुन्दर बाबु भनेर सबैले काखमा बोके, माया गरे... तर आज ऊ नौ वर्ष पुग्दा कसैले उसको हालखबर सोध्दैनन् । स्वथ्य र राम्रो छोरा पायौँ नि भनेर बधाई दिने आफन्त र छिमेकीहरू आज उनको घर आउँदा छोराले ‘चकचक’ गरेको मात्र सम्झिन्छन्, तर उसलाई समाजको सदस्यका रूपमा स्वीकार गर्न तयार छैनन् ।

हेटौँडाका आरम्भ थपलियाको यो पीडा एउटा परिवारको मात्र कथा होइन, समाजले बिर्सिएका धेरै अटिजम भएका बालबालिकाको प्रतिनिधि कथा हो । आरम्भ जन्मिँदा परिवारमा खुसी छाएको थियो । पहिलो सन्तान, त्यसमा पनि स्वस्थ र सुन्दर देखिने बालक-सबैका आशा र सपना उसमै जोडिएका थिए । तर समयसँगै अवस्था बदलिँदै गयो । ऊ ठूलो हुँदै जाँदा व्यवहारमा फरकपन देखिन थाल्यो-बोलाउँदा नफर्किने, आफ्नै दुनियाँमा हराउने, अरूसँग घुलमिल नगर्ने । “कतै लैजाँदा चकचक गर्छ भनेर लैजानै छाडियो, अनि आफन्तले पनि टाढा हुन थाले”, आरम्भकी आमा अस्मिता कालिका भन्नुहुन्छ ।

तीन दिदीहरूको सन्तान हुर्किएको देखिसक्नुभएकी अस्मितालाई बालकको विकासक्रमबारे सामान्य जानकारी थियो । त्यसैले आफ्नै सन्तानमा उमेरअनुसारको व्यवहार नदेखिँदा उहाँको मनले केही फरक महसुस गरिरहेको थियो । तर आत्माले त्यो सत्य स्वीकार्न मानेन । “कोही बच्चा ढिलो बोल्छन्”, भन्ने सोचले केही समय सान्त्वना दियो । तर जब १८ महिनासम्म पनि बच्चाले बोल्न सकेन, चाहेको कुरा व्यक्त गर्न सकेन र प्रतिक्रिया दिन गाह्रो भयो, त्यसपछि उहाँले चिकित्सकको सहयोग लिनुभयो । जाँचपछि आएको निष्कर्ष थियो, अटिजम । त्यो शब्दसँगै अस्मिताको संसार एकाएक भत्कियो ।

“स्वीकार गर्न पाँच वर्ष लाग्यो”, उहाँ सम्झनुहुन्छ, “पहिलो सन्तान, ठूला सपना... कसरी मान्ने ?” विवाहपछि सुखी परिवारको सपना देख्नुभएकी उहाँका लागि छोरा जन्मिनु जीवनको सबैभन्दा ठूलो खुसी थियो । तर दुई वर्ष नबित्दै त्यो खुसी चिन्ता र



अन्योलमा बदलियो । काठमाडौँका अस्पतालदेखि विभिन्न विशेषज्ञसम्म धाउनुभयो ।

“म स्वीकार गर्न तयार थिइनँ, त्यसैले धेरै अस्पताल धाएँ”, उहाँले भन्नुभयो । तर जब सबै ठाउँबाट एउटै उत्तर आयो, उहाँ बाध्य भएर वास्तविकता स्वीकार गर्नुभयो । त्यसपछि उहाँको जीवनको दिशा नै बदलियो । उहाँले अटिजमबारे गहिरो अध्ययन गर्न थाल्नुभयो । किताब पढ्नुभयो, भिडियो हेर्नुभयो, तालिम लिनुभयो । आफ्नो बच्चालाई कसरी सहयोग गर्ने भन्ने सिक्दै जानुभयो ।उसो त माइतमा तीन दिदीहरूको कान्छी बहिनी उहाँले दिदीहरूको छ जना सन्तान हुर्किएको देखिसक्नुभएकाले उमेरसँगै आउने परिवर्तनको बारेमा जानकार नै हुनुहुन्थ्यो । उहाँलाई आमाको नजरबाट यो स्वीकार्न भने असहज भएको थियो । उहाँको कठिन यात्रामा सबैभन्दा गाह्रो कुरा समाजसँग जुध्नु थियो । “जहाँ गए पनि बच्चाबारे प्रश्न आउँथ्यो, कसैले बुझ्न खोजेन”, उहाँ भन्नुहुन्छ, “त्यसैले भेटघाट गर्न मन लागेन ।”

कोरोना महामारीको समयमा उहाँ हेटौँडा फर्किनुभयो । त्यही बेला उहाँले आफूजस्तै पीडामा रहेका अन्य दुई आमासँग भेट गर्नुभयो । साझा पीडाले उनीहरूलाई जोड्यो । तीन जनाले आफ्नै घरको सानो कोठाबाट अटिजम भएका बालबालिकाका लागि कक्षा सुरु गर्नुभएको उहाँको भनाइ छ । सुरुमा स्रोतसाधन थिएन, तालिम सीमित थियो, तर मनमा दृढता थियो ।

त्यो सानो प्रयास आज ‘सेन्टर फर अटिजम मकवानपुर’ का रूपमा विकास भएको छ । यहाँ अहिले २४ जना बालबालिका नियमित रूपमा सिकिरहेका छन् । चार जना बालबालिका सुधार भएर सामान्य विद्यालयसम्म पुगिसकेका छन् ।अस्मिताको सपना अब आफ्नै सन्तानमा सीमित छैन । “अटिजम रोग होइन, विशेष अवस्था हो । सही सहयोग पाए यी बच्चाहरूले पनि आफ्नो क्षमता देखाउन सक्छन्”, उहाँ भन्नुहुन्छ । उहाँले अहिले अटिजमसम्बन्धी थप अध्ययनसमेत गरिरहनुभएको छ, ताकि भविष्यमा अझ धेरै अभिभावकलाई सहयोग गर्न सकियोस् ।

यस्तै अनुभव हेटौँडाकी उमाकुमारी पौडेल र निस्ला श्रेष्ठको पनि छ । सुरुमा उनीहरूले पनि आफ्ना सन्तानको अवस्था स्वीकार गर्न सकेनन् । समाजको डर, जानकारीको अभाव र भविष्यको चिन्ताले उनीहरूलाई झन अन्योलमा पारेको थियो । तर तालिम र अध्ययनपछि उनीहरूले अटिजमलाई बुझ्न थाले ।अटिजम भएका बालबालिकामा आँखा नजुधाउने, एक्लै बस्न मन पराउने, बोलेर अभिव्यक्त गर्न नसक्ने, अरूसँग घुलमिल हुन गाह्रो हुनेजस्ता लक्षण देखिन्छन् । उनीहरूलाई विशेष हेरचाह, स्पिच थेरापी, अकुपेसनल थेरापी, व्यवहारिक तालिम र निरन्तर मनोसामाजिक सहयोग आवश्यक पर्छ । चिकित्सकका अनुसार ‘जिन’ मा हुने परिवर्तन, स्नायु प्रणालीको विकासमा समस्या, गर्भावस्थामा हुने केही असर वा जन्मका बेला हुने जटिलताले अटिजम देखिन सक्छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालमा चार हजार ८८६ जनामा अटिजम देखिएको छ । बागमती प्रदेशमा मात्र एक हजार २५३ जना छन् । पछिल्लो तथ्याङ्कअनुसार हरेक ३६ जना बच्चामध्ये एक जनामा अटिजम देखिन थालेको छ ।तर तथ्याङ्कभन्दा ठूलो समस्या समाजको दृष्टिकोण हो । अटिजम भएका बालबालिका बाहिरबाट सामान्य देखिने भएकाले उनीहरूको पीडा देखिँदैन । फलतः उनीहरूलाई बेवास्ता गरिन्छ, परिवारलाई एक्लो बनाइन्छ । अस्मिता भन्नुहुन्छ, “यदि समाजले स्वीकार गरिदियो भने हाम्रो आधा पीडा त्यतिकै कम हुन्छ ।”

आज आरम्भजस्ता धेरै बालबालिका समाजको भीडमै हराइरहेका छन् । न उनीहरूको आवाज सुनिन्छ, न उनीहरूको सपना देखिन्छ । तर ती बच्चाहरू पनि सपना बोकेका छन् । माया पाउने, बुझिने र स्वीकार गरिने । अटिजम भएका बालबालिका बिर्सिने होइनन्, बुझ्ने हुन् । उनीहरू फरक छन्, तर कमजोर होइनन् । यदि हामीले उनीहरूलाई स्वीकार गर्न सिक्यौँ भने आज बिर्सिएका ती बच्चाहरू भोलि समाजका उज्याला तारा बन्न सक्छन् ।रासस

# बैरेनी जग्गा विकास आयोजनामा ८० प्रतिशत भौतिक प्रगति

दमौली । व्यवस्थित सहर विकासका लागि तनहुँको व्यास नगरपालिकाले बैरेनीमा सञ्चालन गरेको जग्गा विकास आयोजनामा ८० प्रतिशत भौतिक प्रगति भएको छ । व्यास नगरपालिका-१० बैरेनीमा सञ्चालित जग्गा विकास आयोजनामा फागुन मसान्तसम्म ८० प्रतिशत भौतिक र ४५ प्रतिशत वित्तीय प्रगति भएको जनाइएको छ । हालसम्म उक्त आयोजनामा रु चार करोड १६ लाख नौ हजार चार सय ९४ खर्च भएको छ ।



नगरपालिकाले रु नौ करोड २४ लाख ७० हजार ८१ को लागतमा जग्गा विकास आयोजनाको काम सुरु गरेको हो । प्रारम्भिक चरणमा जग्गा सम्याउने तथा ‘रिटेनिङ वाल’ निर्माणका लागि रु ५९ लाख ९० हजार सात सय ८१ मा ठेक्का लागेको थियो । उक्त ठेक्काको जिम्मा विश्वास एण्ड बिपु कन्स्ट्रक्सन जोरपाटीले पाएको थियो । त्यस्तै दोस्रो चरणमा सडक, ढल तथा अन्य संरचना निर्माणका लागि रु आठ करोड ६४ लाख ७९ हजार दुई सय ३७ मा ठेक्का लागेको थियो । उक्त ठेक्का एचआरभी शिवदेव जेभी धुलिखेलले पाएको छ ।

हालसम्म ‘रिटेनिङ स्ट्रक्चर’लगायत मुख्य ढल निकास र सहायक ढल निकासको अधिकांश निर्माण कार्य सम्पन्न भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो । उहाँका अनुसार खानेपानी लाइन विस्तार तथा ढल नालाको कभर स्ल्याब निर्माण कार्य भइरहेको छ । यस्तै मुख्य ढल निकास नालीको तीन स्थानमा ‘क्रस ड्रेन स्ट्रक्चर’को निर्माणको कार्य सकिएको उहाँले बताउनुभयो । यस्तै स्ट्रक्चरल वाल निर्माण कार्य सम्पन्न भई कार्यालय भवन निर्माण ‘फिनिसिङ’ कार्य अन्तिम चरणमा पुगेको लम्सालले बताउनुभयो । यहाँ विद्युत् पोलको निर्माण गरिने तथा प्रसारण लाइनका लागि सहरी विकास तथा भवन निर्माण विभागको वित्तीय सहयोग र विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्रको समन्वयमा निर्माण गरिनेछ ।

भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट)को प्राविधिक सहयोगमा सम्भाव्यता अध्ययन सकिएपछि जग्गा एकीकरण आयोजना अगाडि बढाइएको नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । न्यौपानेका अनुसार प्रथम चरणमा २६१ रोपनी क्षेत्रफलमा आयोजना कार्यान्वयन गर्नका लागि मस्यौदा योजना तयार गरी सहरी विकास मन्त्रालयमा पेस गरिएकामा विसं २०७८ फागुन २ गते सरकारबाट स्वीकृत भएको थियो । नगरपालिकाले आयोजना निर्माणका लागि विसं २०८१ मङ्सिर १५ गते नगर विकास कोषसँग ऋण सम्झौता गरेको थियो । सम्झौताअनुसार नगर विकास कोषले ७० प्रतिशत र नगरपालिकाले ३० प्रतिशत रकम बेहोर्नेछन् ।

जग्गा एकीकरण आयोजनाका लागि एक लाख ३२ हजार आठ सय १४ वर्ग मिटर (२६१ रोपनी) क्षेत्रफल छुट्ट्याइएको छ । जग्गा एकीकरण आयोजनामा दुई सय ३१ लाभग्राहीका तीन सय ४७ कित्ता समावेश गरिएको छ । प्रत्येक जग्गाधनीहरूले गर्नुपर्ने योगदानको विस्तृत योगदान तालिका तथा चक्लाबन्दी नक्सासमेत तयार भइ स्वीकृत भइसकेको छ । आगामी दिनमा जगाको चार किल्ला सीमाङ्कन गरी आयोजनाका सम्बन्धित जग्गाधनीहरूलाई अस्थायी जग्गाधनी प्रमाणपुर्जासहित जग्गा फिर्ता गरिनेछ । त्यसपश्चात् पूर्वाधार निर्माणका लागि आरक्षित घडेरी बिक्री गरी विभिन्न चरणमा नगर विकास कोषलाई ऋण रकम भुक्तानी गरिने जनाइएको छ ।

व्यास नगरपालिका-१० (साविक फराकचौर वडा नम्बर ८ (घ) र (ङ)) का अन्तर्गतका जग्गामा आयोजना सञ्चालन गरिनेछ । आयोजना सञ्चालनका लागि पूर्वतर्फ व्यास मार्गदेखि ५० मिटरभित्रबाट सुरु फराकचौर ८ ङ (३८७, ४०९, ३३०, ३७०, ३४८, ९७२, ५९३, ६८७, ९४८, ९४९, १०१, १००, ५१६, ९६५,९६२, ९६०, ९६१) फराकचौर ८ घ (५१४, ४९०, ४५६, ४२८, ४८३, ४७६, ४७५, ४७७, १६०, ५७२, ४१७, ७३१, ७३२, ८४२, ८४५, ८४४, ९२७, ६९) देखि भित्रका कित्ता समावेश छन् ।

पश्चिमतर्फ मादी नदीले कटान गरी बनेको डिल फराकचौर ८ ङ (३) फराकचौर ८ घ (२, १२०६, १२०५) देखि भित्रका कित्ताहरू आयोजनामा समावेश गरिएका छन् । उत्तरतर्फ बोटेनी खोल्सी फराकचौर ८ ङ (२९०, ४३, ८९५, २६५, २६७) देखि भित्रका कित्ताहरू छन् भने दक्षिणतर्फ व्यास मार्गको प्रतिक्षालय चोक देखि बोटे सङ्ग्रहालय जाने बाटो फराकचौर ८ घ (३९०, १३०, १२६०, १४६७, १३३६, ७४२, ७४१, १५१४, १५१५, १२४२, १२४४, १२४५, १२४६, ८८८, ८८७, ८८६, १५४८, १५४६, १५४७, ४०७, ५८५, १३४६) देखि भित्रका कित्ता समावेश रहेको नगरपालिकाले जनाएको छ ।वैरेनी जग्गा एकीकरण आयोजनाअन्तर्गत एक हजार ५३६ रोपनी सम्भाव्यता अध्ययन गरिएको थियो । व्यास नगरपालिकाको व्यवस्थित सहरीकरणको अभियानमा यो स्वीकृति कोसेढुङ्गा हुने नगरपालिकाको दाबी छ ।रासस

# निफमा ‘शोले’ को चर्चा

काठमाण्डु । काठमाडौंमा जारी नवौं संस्करणको नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सव (निफ)मा शुक्रबार आयोजित ‘सिनेमा संवाद विथ रमेश सिप्पी एण्ड राजेश हमाल’ नामक सत्रमा भारतीय चलचित्रका प्रसिद्ध निर्देशक रमेश सिप्पी र नेपाली चलचित्रका अभिनेता राजेश हमालले संवाद गर्नुभएको छ ।




अभिनेता हमालले सहजीकरण गर्नुभएको उक्त अन्तरक्रियात्मक कार्यक्रममा निर्देशक सिप्पीले आफ्नो लोकप्रिय चलचित्र ‘शोले’ निर्माणका अनुभवबारे खुला रूपमा चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, “शोले मेरा लागि सोचिएको वा लेखिएको चलचित्र होइन । लेखक जोडी सलिम-जावेदले एउटा सानो कथाको स्वरूप तयार गर्नुभएको थियो । त्यो सुरूमा अरु कसैका लागि सोचिएको थियो । तर त्यो मेरो शैलीसँग मेल खाने देखेपछि मलाइ प्रस्ताव गरियो । उनीहरूले एक आर्मी अफिसर र दुई अपराधीको कथा सुनाए र हामीले मिलेर सबै पटकथा तयार गर्यौं । त्यो हामी सबैको सामूहिक प्रयासको प्रयासको नतिजा थियो ।”

उहाँले सुरुआती समयमा चलचित्रलाई असफल मानिएता पनि दर्शक चलचित्र भवनमा ‘रिपिट’ भएपछि सफल हुनेमा आफू विश्वस्त भएको बताउनुभयो । उक्त चलचित्र आफूले सोचे जस्तो बनाउन नसक्नुको कारण प्राप्त बजेट रहेको निर्देशक सिप्पीले खुलासा गर्नुभयो ।“मैले माग गरेको बजेटभन्दा आधा पाएको कारण म कसरी तयार गर्ने भन्ने रनभुल्लमा थिएँ, तर हामी सबै प्राविधिकको मेहनतले चलचित्र बन्यो, र सबै दर्शकले मन पराउनुभयो । सोही सफलताका कारण म यहाँ नेपाल आइपुगेको छु”, निर्देशक सिप्पीले भन्नुभयो । उहाँका अनुसार सन् १९७३ अक्टोबर २ मा एक करोड बजेटमा सुरु गरिएको थियो । करिब एक घण्टासम्म चलेको उक्त संवाद कार्यक्रममा अभिनेता हमालले दर्शककै रूपमा निर्देशक सिप्पी माँझ जिज्ञासा राख्नुभयो ।

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानले नेपाली चलचित्रलाई विश्वबजारसँग जोड्ने उद्देश्यले आयोजना गरेको ‘नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सव’ (निफ)मा प्रतिस्पर्धामा रहेका ४० देशका ८८ चलचित्र प्रदर्शन हुने महोत्सवका अध्यक्ष केपी पाठकले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “हामीले युवापुस्ता केन्द्रित चलचित्रलाई प्राथमिकता दिएका छौं । युवालाई प्रोत्साहन गर्न हामीले एआई चलचित्र निर्माण कार्यशालालगायतका कार्यशाला पनि राखेका छौं । युवा दर्शकमा आशा जगाउने हाम्रो मुख्य प्रयास छ ।”यही २३ चैतसम्म सञ्चालन हुने महोत्सवमा चलचित्रकर्मीसँग अन्तरक्रिया, युवा पुस्ता र एआई चलचित्रलाई प्राथमिकता रहेको उहाँले जानकारी दिनुभयो । रासस


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८२/१२/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**: २०८३/०१/०६ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा

**बोलपत्र खोलिने मिति/समय**: २०८३/०१/०८ गते, मंगलबार दिनको ३ बजे

**क्र.सं. १. ऋणीको नाम, ठेगाना**

**नाम : न्यु सोनामाई मनकामना इन्जिनियरिङ्ग वर्कसप**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागको कार्यालय
द.न. ९१८६/५८६/०७३/०७४, दर्ता मिति : २०७४/०२/११, पाना न. ६०६१५०३७४, दर्ता मिति : २०७४/०२/११
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४

**ऋणी तथा जमानतकर्ताको विवरण**

**१. नाम : सुरेश कुमार साह**
ना.प्र.नं. ३३८८१२९८२, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६०/१२/११
बाबुको नाम : राम पुकार साह तेली
बाजेको नाम : अकलु साह तेली
ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं ४
हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७

**२. नाम : नरेश कुमार साह**
ना.प्र.नं. ३३८१३९९४, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६३/०८/२४
बाबुको नाम : राम पुकार साह तेली
बाजेको नाम : अकलु साह तेली
ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं ४
हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७

**३. नाम : रामपुकार साह तेली**
ना.प्र.नं. १५२६३१२५, जि.प्र.का. सर्लाही, जारी मिति : २०३८/१२/०३
बाबुको नाम : अकलु साह तेली, बाजेको नाम : गुलाम साह
ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा वडा नं. ७, हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७

**जमानतकर्ताको विवरण**

**१. नाम : सुगावती देवी**
ना.प्र.नं. १५२६३१२६, जि.प्र.का. सर्लाही
जारी मिति : २०४४/११/०४
पतिको नाम : राम पुकार साह तेली
ससुराको नाम : अकलु साह तेली
ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा वडा नं. ७
हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७

**२. नाम : गणेश साह तेली**
ना.प्र.नं. ३३८१३५६५, जि.प्र.का. सर्लाही
जारी मिति : २०५०/११/१५
बाबुको नाम : राम पुकार साह तेली
बाजेको नाम : अकलु साह तेली
ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा वडा नं. ७
हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७

**धितोको विवरण**

१. राम पुकार साह तेलीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता रहेको महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं. ५ क स्थित कि.न. ५०१, ४९३, ६११ र ८०६ को क्षेत्रफल क्रमशः ०-२-५-०, ०-४-५-०, ०-३-२.५-० र ०-२-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. राम पुकार साह तेलीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ स्थित कि.न. १९६ को क्षेत्रफल ०-०-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. धनी ज्योति विकास बैंक लि. भई **ऋणी रामपुकार साह तेली**को नाममा दर्ता कायम रहेको प्र २-०३-००१ ख १०२४, च्यासिस नं. MB1PBEFD4KAYK9031, ईन्जीन नं. KLHZ413717 को Viking 222 Chassix, ना ८ ख ३३१५, च्यासिस नं. MB1PCEFC2HAEG4246, ईन्जीन नं. HFEZ406183 को ALPSV45.188 तथा ना ८ ख ३३१६, च्यासिस नं. MB1PCEFC0HAEG4245, ईन्जीन नं. HFEZ406180 को Cheetah 203 कायम सवारी साधन थान ३ ।
४. धनी ज्योति विकास बैंक लि. भई **ऋणी सुरेश कुमार साह**को नाममा दर्ता कायम रहेको मधेश प्रदेश ०३-००१ ख ९०२९, च्यासिस नं. MB1PBEFDXMAJL4684, ईन्जीन नं. MJHZ405369 को Viking 222 Bus तथा मधेश प्रदेश ०३-००१ ख ९०३० च्यासिस नं. MB1PBEFD2MAJL4730, ईन्जीन नं. MKHZ402561 को Viking 222 Bus कायम सवारी साधन थान २ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# पार्टी एकीकरण बारे छलफल



टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका शिर्षस्थ नेताहरुबीच निर्वाचनमा आएको परिणाम र पार्टी एकीकरण प्रक्रिया अघि बढाउने विषयमा छलफल भएको छ।

शनिवार पार्टीको केन्द्रिय कार्यालयमा पार्टीका संरक्षक महन्थ ठाकुरसहित शीर्ष नेताबिच निर्वाचनमा आएको परिणाम र पार्टी एकीकरण प्रक्रिया अघि बढाउने विषयमा छलफल भएको जनाइएको छ।

हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीले भोगेको हारको समीक्षा तथा मधेसी दलबिचको एकताका विषयमा छलफल केन्द्रित रहेको थियो।

छलफलमा पार्टीका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री रकम चेम्जोङ, पूर्वप्रदेश प्रमुख एवं मन्त्री उमाकान्त झा, पूर्वमुख्यमन्त्रीद्वय लाल बाबु राउत र जितेन्द्र सोनल, कार्यकारिणी सदस्य प्रकाश अधिकारी, डा सुरेन्द्र कुमार झा, खालिद शिद्दिकी, विनोद सिंहलगायतको उपस्थिति रहेको थियो।

बैठकमा मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा जसपा नेपालले अपेक्षाअनुसारको नतिजा ल्याउन नसक्नुका कारणहरूमाथि गम्भीर समीक्षा गरिएको बुझिएको छ। पार्टीको कमजोर प्रदर्शनले भविष्यमा मधेस केन्द्रित दलहरूको भूमिका र एकताबद्ध प्रयासको आवश्यकतामाथि जोड दिएको थियो।

छलफलमा सहभागी नेताहरूले मधेसी दलहरूबिचको एकताका विषय उठाएका थिए । आगामी दिनमा मधेसी दलहरूबिच एकताका लागि थप पहल गर्ने विषयमा पनि अनौपचारिक कुराकानी भएको स्रोतले जनाएको छ।

# सार्वजनिक संकट बन्दै आत्महत्या

**मधेश प्रदेश प्रहरी कार्यालयका विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१, २०८१/०८२ र २०८२/०८३ गरी तीन वर्षमा मात्रै ३ हजार २३० जनाभन्दा बढीले आत्महत्या गरेका छन् ।**

सुभाष कर्ण

जनकपुरधाम । मधेशमा आत्महत्या घटना भयावह बनेको छ। गत तीन वर्षको अवधिमा ३ हजार बढीले आत्महत्या गरेका छन।

प्रदेशका आठ जिल्लामा पछिल्ला तीन आर्थिक वर्षको आत्महत्या तथ्यांकले गम्भीर सामाजिक संकटको संकेत दिएको छ। मधेश प्रदेश प्रहरी कार्यालयका विवरण अनुसार आर्थिक वर्ष २०८०/०८१, २०८१/०८२ र २०८२/०८३ गरी तीन वर्षमा मात्रै ३ हजार २३० जनाभन्दा बढीले आत्महत्या गरेका छन्।

यो संख्या केवल तथ्यांक मात्र होइन, मधेशमा बढ्दो निराशा, मानसिक दबाब, आर्थिक संकट र राज्यको असफलताको भयावह चित्र हो । चालु आर्थिक वर्ष २०८२/०८३ को फागुन मसान्तसम्म मात्रै ७ सय ५९ आत्महत्या गरेका हुन।

तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/०८१ मा मात्रै १ हजार २१८ जनाले आत्महत्या गरेका थिए। त्यसपछिको वर्ष २०८१/०८२ मा आत्महत्या अझै बढेर १ हजार २५३ पुगेको छ। तीन वर्षको समग्र तथ्यांकले मधेशमा आत्महत्या क्रम निरन्तर गम्भीर बन्दै गएको पुष्टि गर्छ।

जिल्लागत विवरण हेर्दा आत्महत्या सबैभन्दा बढी सिरहामा देखिएको छ । चालु आ.व. मा मात्रै सिरहामा १२१ जनाले आत्महत्या गरेका छन् । सर्लाहीमा १११, धनुषामा ११०, रौतहटमा १०४, बारामा ८५, सप्तरीमा ७९, महोत्तरीमा ७०



र पर्सामा ६९ जनाले आत्महत्या गरेका छन् । यी तथ्यांकले मधेशको कुनै पनि जिल्ला सुरक्षित नरहेको स्पष्ट देखाउँछ। सबै जिल्लामा आत्महत्या उच्च दरमा रहेको छ, जुन चिन्ताजनक मात्र होइन, खतराको घण्टी हो।

लिंग अनुसार हेर्दा पुरुषको संख्या धेरै भए पनि महिलाको आत्महत्या दर पनि उच्च देखिएको छ। तीन वर्षमा सयौं महिलाले आत्महत्या गरेका छन् । अझ भयावह पक्ष के भने बालक र बालिकासमेत आत्महत्या सूचीमा परेका छन् । विद्यालय उमेरका बालबालिकाले समेत जीवन अन्त्य गर्ने निर्णय लिनु समाजका लागि गम्भीर चेतावनी हो।

तथ्यांक अनुसार तीन वर्षमा बालबालिका मात्रै ३ सयभन्दा बढीले आत्महत्या गरेका छन् । यो अवस्था मानसिक स्वास्थ्य सेवा कमजोर भएको र सामाजिक दबाब अत्यधिक रहेको संकेत मानिएको छ।

विशेषज्ञहरूका अनुसार मधेशमा बेरोजगारी, गरिबी, वैदेशिक रोजगारीको तनाव, पारिवारिक विवाद, घरेलु हिंसा, प्रेम सम्बन्ध विफलता, शैक्षिक दबाब र सामाजिक बदनामीको डर आत्महत्याको प्रमुख कारण हुन्। ग्रामीण क्षेत्रमा मानसिक स्वास्थ्यसम्बन्धी चेतना न्यून हुनु र परामर्श सेवाको अभावले समस्या झन् बढाएको उनीहरूको भनाइ छ।

अर्कोतर्फ, स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच समन्वय अभाव हुँदा आत्महत्या रोकथामका कार्यक्रम प्रभावकारी हुन सकेका छैनन्।

चिन्ताको विषय के छ भने आत्महत्या संख्या लगातार हजार बढि रहँदा पनि सरकारी स्तरबाट ठोस कार्यक्रम ल्याइएको देखिँदैन । मानसिक स्वास्थ्य परामर्श केन्द्र, हेल्पलाइन सेवा, विद्यालयस्तरीय मनोसामाजिक कार्यक्रम, समुदायस्तरीय सचेतना अभियान जस्ता कार्यक्रम कागजमै सीमित छन्।

अझ ग्रामीण क्षेत्रमा त मानसिक स्वास्थ्य सेवा झन् कमजोर छ । धेरै स्थानीय तहमा एक जना मनोपरामर्शदाता समेत छैनन् । संकटमा परेका नागरिकले कहाँ जाने, कसलाई भन्ने अवस्था देखिन्छ।

सामाजिक अभियन्ताहरूका अनुसार मधेशमा आत्महत्या 'निजी समस्या' होइन, सार्वजनिक संकट बनिसकेको छ । राज्यले तत्काल विशेष अभियान नचलाए आगामी वर्षमा संख्या झन् बढ्ने चेतावनी दिएका छन्।

तीन वर्षमा ३ हजारभन्दा बढी नागरिकले जीवन अन्त्य गर्नु सामान्य घटना होइन। यो राज्य, समाज र परिवार सबैको असफलता हो । समयमै ध्यान नदिने हो भने मधेशमा आत्महत्या महामारीको रूप लिन सक्ने देखिएको छ। अहिले नै कदम चाल्ने कि अर्को वर्ष अझ डरलाग्दो तथ्यांक कुर्ने भन्ने प्रश्न सरकारसमक्ष खडा भएको छ।

# पाँचजना फरार प्रतिवादी पक्राउ

टुडे समाचारदाता

राजविराज । विभिन्न मुद्दामा संलग्न पाँच जना प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले चोरी मुद्दामा दुई जना र लागुऔषध मुद्दामा दुई जना र अभद्र व्यवहार मुघामा एक जना गरी पाँच जनालाई पक्राउ गरिएको जनाएको छ।

चोरी मुद्दामा जिल्लाको विष्णुपुर गाउँपालिका-५ का १९ वर्षीय मो. तसमिल, २९ वर्षीय अनिल यादवलाई पक्राउ गरिएको छ। जेनेरेटर चोरी गरेको आरोपमा उनीहरुलाई शुक्रबार बेलुका पक्राउ गरिएको हो । राजविराज नगरपालिका-१६ बेरियास्थित महेन्द्र देवको निर्माणाधीन घरबाट जेनेरेटर चोरी गर्दै गरेको अवस्थामा स्थानीयले तसमिल र यादवलाई नियन्त्रणमा लिएपछि प्रहरीलाई बुझाइएको थियो।

उक्त घटनामा प्रयोग गरिएको १५ हर्सपावरको जेनेरेटर समेत बरामद गरिएको प्रहरीले जनाएको छ । सप्तरी जिल्ला अदालतबाट छ दिनको म्याद थप गराई उनीहरुउपर थप अनुसन्धान




भइरहेको प्रहरीले जनाएको छ।

त्यस्तै, लागुऔषधसहित जिल्लाकोछिन्नमस्तागाउँपालिका-३ का ३१ वर्षीय सुरेन्द्रकुमार शर्मा र रुपनी गाउँपालिका-३ का १८ वर्षीय विक्रमकुमार मण्डललाई पक्राउ गरिएको छ । जिल्लाको राजगढ गाउँपालिका-२ बनैनिया क्षेत्रमा भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूमाथि शंका लागी चेकजाँच गर्दा विभिन्न प्रकारका लागुऔषधसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ।

उनीहरूको साथबाट डाइजापाम १० एम्पुल, करेक्स एक बोतल, फेनेरगन नौ एम्पुल, सिरिन्ज, गाँजा २५ ग्राम लगायतका लागुऔषध बरामद गरिएको प्रहरी नायब उपरीक्षक पुरीले जनाउनुभयो। दुबै जनालाई सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गराई थप अनुसन्धान भइरहेको उहाँले बताएका छन्।

यसैगरी, अभद्र व्यवहार मुद्दामा जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका-२ का २२ वर्षीय शिवनारायण दासलाई पक्राउ गरिएको छ। दासले राजविराज-४ स्थित गजेन्द्रनारायण सिंह अस्पतालमा साइकल चोरी भएको घटनामा होहल्ला तथा प्रहरीमाथि दुर्व्यवहार गरेको आरोपमा पक्राउ गरिएको प्रनाउ पुरीले जानकारी दिएका छन् । उनीमाथि पाँच दिनको म्याद थप गरेर थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको उनले बताएका छन्।

# नदीजन्य पदार्थको ठेक्कामा कडाई

टुडे समाचारदाता

मलंगवा। नदीजन्य पदार्थको ठेक्का लगाउने पालिकालाई उत्खनन कार्यमा कडाइका साथ अनुगमन र नियमन गर्न पालिकाहरुलाई जिल्ला प्रशासन कार्यालय सर्लाहीले ध्यानाकर्षण गराएको छ।

कार्यालयका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले जिल्लाका २० वटै पालिकालाई पत्र पठाउँदै नदीजन्य पदार्थमा अनियमितता भए पालिका नै जिम्मेवार हुने उल्लेख गरेको छ।

पालिकाहरूले आफ्नो क्षेत्राधिकारभित्र रहेका नदीजन्य पदार्थको उत्खनन कार्य मापदण्डविपरीत गरिरहेको, त्यस्तो उत्खननबाट भूक्षय, बाढी, पहिरो, पुल भासिने, मानवीय क्षति पुग्ने तथा वातावरणमा नकारात्मक असर पर्ने विषयमा विभिन्न सञ्चारमाध्यममा समाचार आएको र जनगुनासो समेत प्राप्त भएकाप्रति जिल्ला प्रशासन कार्यालयले गम्भीर ध्यानाकर्षण पत्रमा भनेको छ।

प्रमुख जिल्ला अधिकारी कडरियाले पालिकालाई पठाएको पत्रमा नदीजन्य पदार्थको व्यवस्थापन पालिकाबाट हुने भएकाले जिम्मेवार निकाय पनि पालिका नै हुने उल्लेख गर्दै उत्खनन भइरहेको स्थानमा नियमित अनुगमन गरी अनियमितता भए कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाउन अनुरोध समेत गरेको छ।

नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, बिक्री-वितरणमा अनियमितता भए त्यस्तो सम्झौता गरी अनुमति दिने पदाधिकारी स्वयं जिम्मेवार हुने कडरियाले बताए। यस्ता अनियमितता रोक्न तथा नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायबाट आवश्यक सहयोग तथा समन्वय रहने पनि उनले उल्लेख गरे।

स्थानीय तहलाई पठाइएको उक्त पत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सो कार्यालयका सचिव तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवलाई समेत पठाइएको जनाइएको छ।

# अन्नबालीमा आगजानी

टुडे समाचारदाता

जनकपुरधाम । अज्ञात व्यक्तिबाट गरिएको आगजनीका कारण धनुषाको मिथिलाबिहारी नगरपालिकाको वडाध्यक्षकै खेतम रहेको ठूलो परिमाणमा अन्नबाली नष्ट भएको छ।

मिथिलाबिहारी नगरपालिका-५ मा रहेको वडाध्यक्ष सुरेन्द्र कुमार मण्डलको खेतमा काटेर राखिएको जौमा आगो लगाइँदा करिब ५ कठ्ठा क्षेत्रफलको बाली पूर्णरूपमा जलेर नष्ट भएको हो।

स्थानीयका अनुसार गएराति अज्ञात व्यक्तिले खेतमा थन्क्याएर राखिएको जौको कून्यूमा आगो सल्काइदिएका थिए । आगलागीबाट जौबाली मात्र नभई खेत नजिकै पोखरीको डिलमा लगाइएका साना बोटबिरुवा तथा केही रुखहरू पनि जलेर नष्ट भएका छन्।



घटनाबारे जानकारी दिँदै वडाध्यक्ष मण्डलले भने, 'मैले मेहनत गरेर लगाएको जौबाली यसरी जलेर नष्ट हुँदा ठूलो क्षति पुगेको छ। कसले र किन यस्तो गरेको हो, अहिलेसम्म थाहा हुन सकेको छैन।'

प्रहरीका अनुसार घटनाको जानकारी पाएलगत्तै टोली घटनास्थल पुगेर प्रारम्भिक अनुसन्धान थालेको छ । यद्यपि आगो कसले लगाएको भन्ने विषय अझै खुल्न सकेको छैन । घटनामा संलग्न व्यक्तिको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ । स्थानीय बासिन्दाहरूले पछिल्लो समय यस्ता आपराधिक गतिविधि बढ्दै गएको भन्दै चिन्ता व्यक्त गरेका छन्। उनीहरूले दोषीलाई तत्काल पहिचान गरी कडा कारबाही गर्न माग गरेको छ।

# मेरो कित्ता जग्गा प्रणाली कार्यान्वयन



टुडे समाचारदाता

जनकपुरधाम । 'मेरो कित्ता' जग्गा प्रणाली अब धनुषा जिल्लामा पनि कार्यान्वयनमा आएको छ।

नापी कार्यालय धनुषाले जग्गासम्बन्धी सेवा प्रवाहलाई सहज र डिजिटल बनाउने उद्देश्यले सुरु गरेको अनलाइन प्रविधि लागूसँगै सेवाग्राहीले अब घरमै बसेर आफ्नो जग्गाको नक्सा प्रिन्ट गर्न सक्ने भएका छन्।

नापी विभागले केही महिनाअघि देशभर लागू गरेको यस डिजिटल प्रणालीमार्फत सेवाग्राहीले नक्सा प्रिन्ट, फिल्डबुक तथा प्लट रजिस्टरसम्बन्धी सेवा अनलाइनबाटै प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। यसले सेवाग्राहीलाई कार्यालय धाउनुपर्ने झन्झट हटाउँदै सेवा प्रक्रियालाई छिटो, सरल र पारदर्शी बनाउने विश्वास गरिएको छ।

अनलाइन सेवा लिनका लागि सेवाग्राहीले नागरिकता, लालपुर्जा तथा सम्बन्धित कित्ता नम्बर, वडा नम्बर र नक्सा नम्बर जस्ता विवरण उपलब्ध गराउनुपर्ने हुन्छ । साथै, निवेदन दर्ता गर्दा मोबाइल नम्बरमार्फत ओटीपी प्रमाणीकरण गर्ने व्यवस्था गरिएको छ।

निवेदन पेश भएपछि सम्बन्धित नापी कार्यालयले विवरण प्रमाणीकरण गर्नेछ । त्यसपछि तिर्नुपर्ने राजश्वबारे सेवाग्राहीलाई एसएमएसमार्फत जानकारी दिइनेछ । उक्त राजश्व अनलाइन वा बैंकमार्फत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको छ।

भुक्तानी पुष्टि भएपछि सेवाग्राहीले डिजिटल नक्सा (पीडीएफ) प्राप्त गर्नेछन्,जुन ओटीपी प्रयोग गरी डाउनलोड गर्न सकिन्छ । विभागका अनुसार उक्त डाउनलोड लिंक ७ दिनसम्म मात्र मान्य हुनेछ।

सरकारले जग्गा प्रशासनलाई डिजिटल माध्यममा रूपान्तरण गर्ने लक्ष्यअनुसार सुरु गरिएको 'मेरो कित्ता' प्रणालीले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने विश्वास गरिएको छ । यसबाट सेवाग्राहीको समय र खर्च दुवै बचत हुने विश्वास गरिएको छ।

# कलेजद्वारा हेल्थ म्याराथन

टुडे समाचारदाता

वीरगञ्ज । नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगञ्जद्वारा "रन फोर हेल्थ, रन फोर लाईन" नारासहित आयोजना गरिएको हेल्थ म्याराथन कार्यक्रम आज सफलतापूर्वक सम्पन्न भएको छ। उक्त कार्यक्रम स्पोर्ट्स वीक २०८२ अन्तर्गत आयोजना गरिएको थियो।

स्वास्थ्यप्रति सचेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजना गरिएको म्याराथनमा विद्यार्थी, शिक्षक, स्वास्थ्यकर्मी तथा स्थानीय सहभागिता रहेको थियो। कार्यक्रम नेशनल मेडिकल कलेजका प्रबन्ध निर्देशक श्री शहनवाज अन्सारीको अध्यक्षतामा सम्पन्न भएको थियो।

प्रमुख अतिथिका रूपमा सशस्त्र प्रहरी बल १३ गणका एसपी श्री मोहन बहादुर क्षेत्रीको उपस्थिति रहेको थियो भने विशिष्ट अतिथिका रूपमा बीरगंज आर्मी ब्यारेक प्रमुख लोकेन्द्र कार्की,अतिथि जिल्ला ट्राफिक प्रमुख सहित पर्सा खेलकुद विकास समितिका रेफ्री विशेश्वर पटेलको सहभागिता रहेको थियो।

कार्यक्रमलाई थप गरिमा प्रदान गर्दै एडमिशन अफेयर्स एण्ड मार्केटिङ डाइरेक्टर श्री अबिद हुसैन अन्सारी, अस्पताल निर्देशक डा. इशरत जहाँ अन्सारी, प्रमुख सूचना अधिकृत इ. प्रदीप कुमार चौधरी लगायतको उपस्थिति रहेको थियो।




साथै मार्केटिङ, प्रशासन तथा सञ्चारकर्मीहरूको पनि सक्रिय सहभागिता रहेको थियो।

म्याराथनलाई सुरक्षित तथा व्यवस्थित बनाउन राष्ट्रिय एथलेटिक्स प्रशिक्षक विशेष्वर पटेलद्वारा वार्मअप तथा सुरक्षा निर्देशन प्रदान गरिएको थियो। सहभागीहरूको सुरक्षालाई प्राथमिकता दिँदै एस्कर्ट टोली, ट्राफिक समन्वय तथा एम्बुलेन्स सेवा (चलायमान तथा स्ट्यान्डबाइ) को प्रभावकारी व्यवस्था गरिएको थियो।

म्याराथन मार्गका विभिन्न स्थानहरूमा स्थापना गरिएका सहायता केन्द्रहरूबाट सहभागीहरूलाई प्राथमिक उपचार, पानी तथा आवश्यक सहयोग उपलब्ध गराइएको थियो।

कार्यक्रमको अन्त्य ल:ऋत्ज (गोलम्बर नं. २ - बास्केटबल कोर्ट) मा भई समापन तथा पदक वितरण कार्यक्रम सम्पन्न गरिएको थियो। प्रतियोगिताअन्तर्गत पुरुषतर्फ अनिल श्रेष्ठ प्रथम, स्यामसन श्रीस द्वितीय तथा सन्जु सिंह बस्नेत तृतीय भएका थिए भने महिलातर्फ बिपना प्रथम, अलिशा खातिन द्वितीय र करुणा तृतीय भएका थिए। यसैगरी फ्याकल्टीतर्फ डा. प्रशान्त ठाकुर प्रथम, डा. विशाल द्वितीय तथा डा. आदित्य राज तृतीय भएका थिए भने स्टाफतर्फ सगीर हुसैन प्रथम, सञ्जय द्वितीय र धनञ्जय मण्डल तृतीय भएका थिए।

नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल, वीरगञ्जले स्वास्थ्य सेवा, शिक्षा तथा सामाजिक उत्तरदायित्वका कार्यक्रममार्फत समाजप्रति आफ्नो प्रतिबद्धता निरन्तर रूपमा देखाउँदै आएको छ।

# पिएम कपमा गण्डकी विजयी

टुडे समाचारदाता

वीरगन्ज । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत शनिबार भएको खेलमा गण्डकी प्रदेशले कोशी प्रदेशलाई ३९ रनले हराएको छ।

वीरगन्जस्थित नारायणी क्रिकेट मैदानमा २२७ रनको लक्ष्य पछ्याउन मैदानमा उत्रिएको कोशीलाई १८८ रनमा रोक्दै



गण्डकीले जित हात पारेको हो। कोशीले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर १८८ रन मात्रै जोड्न सक्यो। कोशीका दिपेश कंडेलले अर्धशतक बनाएपनी हार टार्न सकेनन्।

दिपेशले ७३ बलमा ५२ रन जोडे । यसैगरी आशिष मगरले ३०, सुमन श्रेष्ठले २०, सकिब हकले १७, शिवांश बजगाईंले १५ रन बनाए । गण्डकीका किब्रीन श्रेष्ठले तीन विकेट लिँदा अप्राजित पौडेल र सुवास भण्डारीले दुई-दुई विकेट हात पारे।

कप्तान विपिन खत्री र कमल परियारले एक-एक विकेट लिए । यसअघि टस जितेर ब्याटिङ गरेको गण्डकीले ५० ओभरमा सात विकेट गुमाउँदै २२७ रन बनाएको थियो।

६० रनको स्थितिमा ६ विकेट गुमाएको गण्डकीलाई सम्हाल्दै ओपनर अर्जुन कुमालले शानदार शतक प्रहार गरेर बलियो योगफल बनाएका थिए। निर्धारित ५० ओभरको अन्तिम बलमा रनआउट भएका अर्जुनले १४१ बलको सामना गर्दै १०२ रन जोडे। प्लेयर अफ दि म्याच अर्जुनसंग १७६ रनको साझेदारी गरेका विपिन खत्रीले अर्धशतक प्रहार गरे।

विपिनले ८६ बलमा ६ चौका र दुई छक्का प्रहार गर्दै ७६ रन बनाए। कोशीविरुद्ध खराब सुरुवात गरेको गण्डकीका ओपनर गौरव विक शून्यमै पेभेलियन फर्किदा किब्रीन श्रेष्ठ र दिनेश बुढामगरले समान एक रनमै आउट भए। दीपक डुम्रेले १५ रन र मुस्कान थापा १० रन जोडेर आउट हुँदा गण्डकी दवावमा परेको थियो।

गण्डकीको सुरुवाती ब्याटिङ लाइनअप ध्वस्त पार्ने क्रममा कोशीका दिपेश कंडेलले चार विकेट लिए। १० ओभर बलिङ गरेका दिपेशले तीन मेडन सहित १८ रन खर्चिएर चार विकेट लिएका हुन्। राकेश साह र सुजन थपलियाले एक-एक विकेट हात पारे । जितसँगै गण्डकी पाँच अंकसहित तालिकाको सातौं स्थानमा छ भने लगातार पराजित भएको कोशी एक अंकसहित तालिकाको पुछारमा छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८